मुड्केचुला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डोल्पा, कर्णाली प्रदेश, नेपाल ।

# क्षमता विकास योजना २०८२

**श्री इनोभेसन इन्टरनेशनल प्रा.ली.**
**काठमाडौं, नेपाल**

CamScanner

## बिषय सूचि


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| | परिच्छेद १: परिचय | |
| १.१ | विषय प्रवेश | १ |
| १.२ | योजनाको लक्ष्य | ४ |
| १.३ | योजनाको उद्देश्य | ४ |
| १.४ | क्षमता विकास योजनाको रणनीतिहरु | ७ |
| १.५ | क्षमता विकास योजनाको अवधारणा तथा औचित्य | ८ |
| १.६ | नीतिगत तथा कानुनि आधारहरु | ११ |
| १.७ | योजना तर्जुमा विधि | १२ |
| १.८ | क्षमता विकास योजनाका सीमा | १७ |
| १.९ | कार्यकारी सारांश | १८ |
| | परिच्छेद २: मुड्केचुला गाऊँपालिकाको परिचय | |
| २.१. | गाउपालिकाको रुपरेखा | २० |
| २.२. | गाउपालिकाको परिचय | २० |
| २.३. | गाउपालिकाको प्रशासनिक तथा राजनितिक विभाजन | २१ |
| २.४. | गाउपालिकाको जनसंख्या सम्बन्धी विवरण | २२ |
| २५ | गाउपालिकाको जात-जातीय विवरण | २२ |
| | परिच्छेद : ३ पालिकाको वर्तमान अवस्था | |
| ३.१. | गाउपालिकाको वर्तमान अवस्था | २४ |
| ३.२. | क्षमता विकासका लागि गाउँपालिकाले अंगिकार गरेका नीतिहरु | २७ |


CamScanner

| | | |
|---|---|---|
| ३.३. | गाउँपालिकाको वर्तमान नीति, योजना, कानून, कार्यविधि र पद्धतिः | २८ |
| परिच्छेद ४: मानब संशाधनको अबस्था | | |
| ४.१. | गाउपालिकाको विद्यमान मानव संसाधनको अवस्था | ३१ |
| ४.२. | गाउँपालिका, सरकारी कार्यालय तथा निकायहरू | ३४ |
| ४.३ | मानव संसाधन क्षमता विकास | ३६ |
| ४.४ | गाउपालिकाको समग्र संस्थागत विकासको अवस्था | ३७ |
| ४.५ | विद्यमान अवस्था र अपेक्षित अवस्था वीचको अन्तराल | ४२ |
| परिच्छेद ५: क्षमता विकास योजनाको अपेक्षित नतिजा | | ५४ |
| ५.१ | क्षमता विकास योजनाको अपेक्षित नतिजा | ५४ |
| ५.२ | प्रतिफल तथा सूचकहरु | ५५ |
| ५.३ | क्षमता विकास योजनाको आवश्यकता विश्लेषण | ५९ |
| ५.४ | संस्थागत स्वमुल्यांकनमा कमजोर कार्यसम्पादन देखिएका क्षेत्रहरुको विश्लेषण | ६२ |
| परिच्छेद : ६ | | |
| ६.१ | संविधान प्रदत्त अधिकार र कार्यसम्पादन अवस्थाको संक्षिप्त विश्लेषण | ६८ |
| ६.२ | क्षमता विकास योजनाका प्राथमिकताहरु | ७३ |
| परिच्छेद :७ कार्यान्वयन तथा क्षमता तालिका | | |
| ७.१ | क्षमता विकास योजना कार्यान्वयन जिम्मेवारी तथा समयतालिका | ७७ |
| ७.२ | क्षमता विकास योजना कार्यान्वयनको कार्ययोजना | ८० |
| परिच्छेद :आठ अनुगमन तथा मूल्यांकन विधि | | |
| ८.१ | क्षमता विकास योजना कार्यान्वयनको अनुगमन तथा मूल्याँकन | ८३ |
| ८.२ | कार्ययोजना कार्यन्वयनबाट प्राप्त हुने प्रतिफल | ८५ |
| | सन्दर्भ सामग्रीहरु | ८७ |

CamScanner

**शब्दको पुर्ण रुप**

आ.व. .   आर्थिक वर्ष

कि.मि. .   किलोमिटर

न.पा. .   नगरपालिका

गै.स.स. . गैर सरकारी संस्था

मि. .   मिटर

वि.सं. .   विक्रम सम्वत

रु. .   नेपाली रुपैया

CS CamScanner

## तालिकाहरु

तालिका १: नगरपालिकामा सञ्चालनमा रहेका कम्प्युटर सफ्टवयर प्रणालीहरु

तालिका नं. २ नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्डको संख्यात्मक अवस्था

तालिका नं.३ निर्माण भएका नियमावली,नीति, ऐन, नियम, कार्यविधिहरु

तालिका नं. ४: महाशाखा, शाखा, वडा तथा स्वाथ्य संस्थाको कर्मचारी तेरिज

तालिका ५ नगरपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको अवस्था विशेषण

तालिका ६ : नगरपालिकाको विद्यमान अवस्था र अपेक्षित अवस्थाबीचको अन्तराल विशेषण

तालिका ७ : संविधान प्रदत्त स्थानीय सरकारका अधिकारहरुको कार्यान्वयनको विश्लेषण

तालिका ८ क्षमता विकास कार्यक्रमका प्राथमिकताहरु

तालिका ९: क्षमता विकास कार्यक्रमका प्राथमिकताहरु (समिति, उपसमिति पदाधिकारीस्तर)

तालिका १०: क्षमता विकास कार्यक्रमका प्राथमिकताहरु (कर्मचारीस्तर)

तालिका ११ : क्षमता विकासका गतिविधिहरुको कार्यान्वयनको जिम्मेवारी तालिका

तालिका नं. १२ क्षमता विकास योजनाको भुमिका

CamScanner

# परिच्छेद- एक

# परिचय

## १.१ विषय प्रवेश

नेपालको संविधान, विद्यमान स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली, नेपाल सरकारले समय समयमा तर्जुमा गरेका नीति, निर्देशिका कार्यविधी एवम् स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ समेतले गाउँपालिकालाई स्थानीय जनउत्तरदायी संस्थाको रुपमा विकास गर्ने आधारभूमी प्रदान गरेको छ । वर्तमान बदलिदो परिवेशसँगै गाउँपालिकासँगका अपेक्षा वृद्धि भएका छन्भने गाउँपालिकाले आफ्नो सिमित श्रोतबाट आफ्ना सेवाग्राही एवम् सेवाप्रदायक सरकारी, गैर सरकारी र निजी क्षेत्रको समेत संस्थागत क्षमता अभिवृद्धि गरि ती जन अपेक्षाको सम्बोधन गर्नु योजनाको आवश्यकता महसुस गरी यो क्षमता विकास योजना तर्जुमा गरिएको छ ।

नेपालको संविधान २०७२ अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तौर तरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ । मानविय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी नबनाएसम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन्भने त्यसले

जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । यसर्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिकप्रति पूर्णरूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ । संघीयता हाम्रा लागि नौलो अभ्यास भएको र यसको सफल कार्यान्वयनमा स्थानीय तहको योजना तर्जुमाको महत्वपूर्ण भूमिका हुने भएकाले यो क्षमता विकास दिग्दर्शन तयार गरिएको छ । स्थानीय सरकारलाई आवश्यकतामा आधारित क्षमता विकास योजना तर्जुमा गर्न तथा उक्त योजनाको कार्यान्वयनबाट नागरिकहरूका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्न सहज होस्भन्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐनको दफा ११४ वमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यो "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन" तयार गरिएको हो ।[1]

नेपालका स्थानीय तहहरु नगरिकका घरदैलोका सरकार हुन । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई प्रसस्त विधायिकी, न्यायिक र कार्यकारी अधिकार प्रदान गरेको छ । सबै स्थानीय तहहरु संस्थागत रुपमा सवल, पूर्ण प्रजातान्त्रिक, कुशल नेतृत्वका साथ पूर्ण जिम्मेवारीका साथ प्रभावकारी ढंगले सेवा प्रवाह गर्न सक्षम हुनु जरुरी छ । स्थानीय तहहरु नगरिकको जीवनस्तर सुधारका लागि एकिकृत कार्य गर्ने जिम्मेवार निकाय हुन । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन भन्ने कुरा विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरूको क्षमतामा भर पर्दछ ।

[1] क्षमता विकास योजना तर्जुमा सम्वन्धि दिग्दर्शन २०७६

स्थानीय सरकारले सम्पादन गर्नु पर्ने अधिकतम कार्यक्रमहरु सम्पादन गर्न विद्यमान जनशक्तिलाई कस्तो प्रकारको क्षमता विकासको आवश्यकता छ, त्यसको लेखाजोखा गरी आगामी वर्षका लागि कर्मचारी र जनप्रतिनिधिहरुको व्यक्तिगत क्षमता, स्थानीय तहको संस्थागत क्षमता र थप सुधार गर्नु पर्ने आवश्यकता रहेको छ, यसैगरी स्थानीय सरकारले आफ्नो अधिकारभित्र रहेर आवश्यकता अनुसार नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमा लगायत विभिन्न विषयगत क्षेत्रको विकासका लागि आवश्यक क्षमता विकासका क्षेत्रहरुको पहिचान सहित क्षमता विकास योजना तर्जुमा गर्नु पर्ने र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन र वित्तीय सुशासन जोखिम स्वमूल्यांकन कार्यविधिहरुले निर्दिष्ट गरेका सूचकहरुको स्वमूल्यांकनमा कमजोर देखिएका सूचकहरुको कार्य क्षेत्रमा सुधार गर्दै लैजान स्थानीय तहलाई सहयोग पुग्ने भएकाले मुड्केचुला गाउँपालिकाको यो क्षमता विकास योजना तर्जुमा गरिएको हो ।

संविधान प्रदत्त एकल र साझा अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह, प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको छ । तर अधिकांश स्थानीय सरकारहरु बहुआमिक चुनौतिको सामना गर्नुपर्ने अवस्थामा छन । ती मध्ये कर्मचारी तथा प्रतिनिधिमा क्षमताको कमी अधिक भएको पाईन्छ । यस्तो अवस्थामा स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व रहेको तर जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमी हुदा सेवा प्रवाह चुस्त नहुन सक्छ । नगरिकका न्युनतम आवश्यकता पहिचान गर्न सकिदैन । विकासका कार्यहरुको प्राथमिकिकरणमा अलमल हुन्छ । समृद्धिको यात्रा काँहाबाट सुरु गर्ने भन्नेमा अलमल हुन्छ । विकास

प्रशासनका क्षमता विकास योजना विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न नसकेको हुन सक्छ । यसै परिप्रेक्षलाई ध्यानमा राखि स्थानीय तहका कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरुको क्षमता विकास र कार्य संम्पादनमा सुधार तथा अन्य संस्थागत सुधार लगायतका कार्य गर्न गाउँपालिकाको क्षमता विकास योजना तर्जुमाको लागि परामर्श सेवा खरिद प्रक्रिया मार्फत तयार गरिएको हो ।

## १.२ योजनाको लक्ष्य

यस मुड्केचुला गाउँपालिका क्षेत्रमा सम्पादन हुने विकास निर्माण कार्यलाई सामाजिक समावेशी र सहभागितामूलक प्रक्रियाबाट दिगो तथा प्रभावकारी बनाउन गाउँपालिकाको आन्तरिक संगठन तथा सरोकारवालाहरुको कार्यसम्पादन क्षमता विकास गरि सेवा प्रवाहलाई सहज बनाउन योगदान गर्ने ।

## १.३ योजनाको उद्देश्य

यस मुड्केचुला गाउँपालिकापालिकको विभिन्न जिम्मेवारीका पदमा रहेका कर्मचारी तथा नेतृत्व तहको जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमी हुदा सेवा प्रवाह चुस्त नहुन सक्छ र नगरिकका न्युनतम आवश्यकता पहिचान गर्न नसकि विकासका कार्यहरुको प्राथमिकिकरणमा अलमल भै समृद्धिको यात्रा कहाँबाट सुरु गर्ने भन्नेमा अलमल पर्न गएको अवस्था लाई संवोधन गर्न जरुरी छ ।

तसर्थ यो योजना तयार गर्नुको मूल उद्देश्य योजनाको कार्यान्यनबाट गाउँपालिकाको कार्य सम्पादनमा सुधार ल्याउँनु हो । साथै यस क्षमता विकास योजना तर्जुमाको अर्को उद्देश्य भनेको विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाई



CamScanner

संस्थागत विकास गरी नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने वनाउँन संस्थागत क्षमता र मानव संसाधनमा रहेको क्षमताको कमीलाई पहिचान गरी क्षमता विकासका उपायहरुको खोज तथा विश्लेषण गरी आगामी वर्षको योजना खाका तयार गर्नु हो। यसका निहित उद्देश्यहरु यस प्रकार छन्।

- ♣ गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, भौतिक तथा संस्थागत विकासकालागि सहभागितात्मक विधिवाट सही योजना तथा कार्यक्रमहरुको पहिचान गर्ने,
- ♣ योजना तथा कार्यक्रमहरु कम लागत तथा समयमा सम्पन्न भई तिनको परिणाम तथा प्रभावमा दिगोपना ल्याउने,
- ♣ योजना तथा कार्यक्रमलाई सम्पन्न गर्ने अवधिका कमी आउनुका साथै सम्पादित कार्यको गुणस्तरमा पनि सुधार ल्याउन,
- ♣ गाउँपालिकाको स्रोत साधनको परिचालन क्षमतामा सुधार ल्याउने,
- ♣ गाउँपालिकावाट प्रदान गरिने सेवा सुविधाका सम्वन्धमा नागरिकहरुवाट आउने गुनासाहरुमा कमी ल्याउने,
- ♣ स्थानीय विकास प्रक्रिया तथा सेवा एवं सुविधामा अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको तथा आर्थिक रुपले विपन्न वर्गको पहुँच वृद्धि गरी लैङ्गिक तथा सामाजिक समावेशीकरण, उत्थानशीलता तथा जलवायु परिवर्तन अनुकुलन अवधारणाको कार्यान्वयनलाई मूर्त रुप दिने।
- ♣ स्थानीय सरकारको सबल र कमजोर पक्षहरूको पहिचान लगायत संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालय बाट तयार पारिएको क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६ को विधि र प्रकृया अपनाई संविधान तथा प्रचलित कानुनहरूबाट स्थानीय सरकारलाई प्राप्त अधिकार अनुरूप

जनउत्तरदायीपूर्ण ढंगबाट कार्यसम्पादन गर्नका लागि संस्थागत र मानव संसाधनकको क्षेत्रमा रहेको अभाव पहिचना र सोको परिपूर्ति गर्न क्षमता विकासका आवश्यक उपायहरुको सहभागितामूलक ढंगबाट पहिचन गरी विस्तृत योजना खाका तयारी गर्नु

- स्थानीय सरकारबाट सञ्चालन गरिने विकासका विविध आयामहरु दिगो र परिणाममुखी बनाउन । संस्थागत विकास, सेवा प्रवाह र सुशासनको सुनिश्चितता कायम गर्न,
- संस्थागत संरचनामा भएको कमी पहिचान गरी परिपूर्तिको उपाय पहिचान र कार्यान्वयन गर्न । जिम्मेवारीमा बसेका कर्मचारी, प्रतिनिधि तथा सरोकारवलाहरुमा रहेको कमी र सुधारका उपाय खोजी र कार्यान्वयन खाका तयार गर्न,
- विकास प्रशासनका नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै लैजान,
- नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी आपूर्ति र माग दुवैमा आधारित क्षमता विकास गर्न,
- यो योजना कार्यन्वयनका लागि आवश्यक स्रोत साधनको आँकलन र परिपूर्तिका विभिन्न स्रोत र उपायहरुको खोजि गर्ने,
- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप, धारणा र विद्यमान क्षमता बीचको फरक पहिचान र आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न मार्गदर्शन गर्ने ।



CamScanner

## १.४ गाउँपालिकाको क्षमता विकासका रणनीतिहरु

क्षमता विकास योजना कार्यान्वयन गर्नका लागि गाउँपालिकाले निम्नअनुसारका रणनीतिहरु अवलम्वन गर्नुपर्नेछ।

- गाउँपालिकामा क्षमता विकास योजना कार्यान्वयनको नेतृत्व गर्न मानव संशाधन विकास शाखाको गठन तथा परिचालन गरिनेछ।
- गाउँपालिकाले विनियोजन गरेका क्षमता विकास योजना सम्वन्धीका सबै बजेटहरु मानव संशाधन विकास शाखा मार्फत खर्च गर्ने पद्धती अवलम्वन गरिनेछ।
- मानव संशाधन विकास शाखाले तालिम संचालन गर्नका लागि आवश्यक विधि तथा नियमहरु तयारी गर्नेछ।
- कोष व्यवस्थापनका लागि गाउँपालिका क्षमता विकास कोषको स्थापना गरिनेछ
- क्षमता विकासका लागि वाह्य सहयोग परिचालनका अतिरिक्त गाउँपालिकाले वार्षिक वजेटमा वृद्धि गर्नेछ।
- क्षमता विकास कार्यहरु लैंगिक तथा सामाजिक समावेशिकरण नीति अनुरुप संचालित गरिनेछन्
- गाउँपालिकाको क्षमता विकास योजना कार्यान्वय गर्न गाउँपालिका स्थित सरोकारवाला संस्था, नीजी क्षेत्र र अन्य निकायहरुसँगको समन्वय एवं साझेदारीलाई वढाइनेछ।
- गाउँपालिकाले क्षमता विकास कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न वाहय सेवा प्रदायकहरुको संलग्नता बढाउनेछ।



CamScanner

- क्षमता विकास योजना अनुरुपका तालिम गतिविधीहरु संचालन गर्दा लैंगिक तथा सामाजिक समावेशीकरणको अवधारणा अनुरुप सहभागिता सुनिश्चित गरिनेछ ।

## १.५ क्षमता विकास योजनाको अवधारणा तथा औचित्य

नेपालको संविधान २०७२ ले प्रदान गरेका अधिकारहरु सहित स्थापित भएका स्थानीय सरकारहरुले आफ्नो भूमिका सशक्त ढंगवाट निर्वाह गर्न तथा जवाफदेहितालाई दिगो ढंगले वहन गर्न काम गर्ने तौरतरिका, शैली र चिन्तनमा परिवर्तित सन्दर्भ अनुसार परिवर्तन गर्नु आवश्यक छ । संवैधानिक व्यवस्था अन्तर्गत नयाँ संघीय शासकीय संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरुलाई विगतमा केन्द्रीय सरकारद्वारा कतिपय विषयगत कार्यालयहरु मार्फत प्रदान गरिएका सेवाहरु समेत हस्तान्तरण गरिएको छ । यसले गर्दा, विगतका स्थानीय निकायहरुको तुलनामा नयाँ संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरुलाई वित्तीय स्रोत साधनका अतिरिक्त वढी अधिकार तथा जिम्मेवारी प्राप्त छ । दिगो विकासका लक्ष्यहरु हासिल गर्ने, सुखी र समृद्ध नेपाल निर्माण गर्ने र सामाजिक न्याय स्थापित गरी समतामूलक समाज स्थापना गर्ने अभिभारा भएको स्थानीय सरकारले आफ्नो कार्य सम्पादन स्तरकोसुधारमा धरैप्रयत्न गर्नुपर्ने देखिएको छ । परिवर्तित सन्दर्भ अनुसारको जिम्मेवारी पूरा गर्न स्थानीय सरकारहरुमा उपयुक्त संस्थागत व्यवस्थाको स्थापना, आवश्यक कर्मचारीहरुको प्राप्ति, प्राप्त अधिकारक्षेत्रमा सेवा प्रदान तथा योजना तर्जुमा तथा कार्यान्वयन पद्धतिमा निरन्तर सुधार ल्याउन जरुरी हुन्छ । यसका लागि स्थानीय सरकारका अवयवहरु (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संसाधन तथा भौतिक पूर्वाधार) को क्षमतामा उल्लेखनीय सुधार ल्याउन आवश्यक छ ।

नेपालको संविधान २०७२ अनुसार स्थानीय सरकारहरु नागरिकाको धरदैलोका सरकारी निकाय हुन जसलाई संविधानले विधायिकी, कार्यकारी र न्यायिक अधिकारहरु प्रदान गरेको छ । यिनिहरु संस्थागत रुपमा स्थापित सरकार भएर मात्र पुग्दैन । यिनिहरुले प्रजातान्त्रिक मूल्य र मान्यता स्थापित गर्दै नागरिकको जीवनस्तर सुधारका लागि सुशासन सहित विकास र सेवा प्रवाहको वातावरण तयार गरि सबैले महशुस गर्ने गरी विकास सेवा प्रवाहको वातावरण तयार गरि सबैले महशुस गर्नेगरी विकास र समृद्धि अगाडी बढ्नुपर्ने हुन्छ । स्थानीय सरकारहरुको स्थापना भएको केहि वर्ष मात्रै भएको छ र संस्थागत रुपमा स्थापित भै परिवर्तन पछिको बढ्दो जनअपेक्षा अनुसार कार्य गर्न संस्थागत क्षमता र मानव संसाधनको क्षमता वढि महत्वपूर्ण हुन्छ र यसको विकास गर्न धेरै बाँकी छ ।

तसर्थ यस मुड्केचुला गाउँपालिकाको क्षमता विकास योजना तयार गर्नुको मूल कारण भनेको स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउन तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासनको सुनिश्चितता कायम गर्न संस्थागत संरचनामा भएको कमी तथा विविध विषयको जिम्मेवारीमा बसेका कर्मचारी, निर्वाचित प्रतिनिधि तथा सरोकारवालाहरुको क्षमतामा रहेको कमीलाई पहिचान गरी सो कमी पुरा गर्न संस्थागत र मानव संसाधन विकासका लागि उपायहरुको खोजि र कार्यान्वयनको खाका तयार गर्नु हो ।

त्यसैगरी विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी स्थानीय सरकारको संस्थागत क्षमता विकासका साथै आपूर्तिका र माग दुवैमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता वोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा

जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको हुँदा पनि यो योजना बनाउँनु परेको हो । समग्रमा भन्नुपर्दा,

- स्थानीय सरकारवाट सञ्चालन गरिने विकासका विविध आयामहरु दिगो र परिणाममुखी वनाउन,
- संस्थागत विकास, सेवा प्रवाह र सुशासनको सुनिश्चितता कायम गर्न,
- संस्थागत संरचनामा भएको कमी पहिचान गरी परिपूर्तिको उपाय पहिचान र कार्यान्वयन गर्न,
- जिम्मेवारीमा बसेका कर्मचारी, प्रतिनिधि तथा सरोकारवलाहरुमा रहेको कमी र सुधारका उपाय खोजी र कार्यान्वयन खाका तयार गर्न,।
- विकास प्रशासनका नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त वनाउदै लैजान,
- नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी आपूर्ति र माग दुवैमा आधारित क्षमता विकास गर्न,
- संविधानद्वारा प्रदत्त अधिकार र जिम्मेवारीहरुलाई कुशल ढंगवाट सम्पादन गरी नागरिकहरुलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह गर्ने जिम्मेवारी र जवाफदेहीता स्थानीय सरकारकोकार्यक्षेत्रमा रहेको,
- स्थानीय सरकारवाट संचालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरुलाई दिगो र परिणाममुखी बनाउनु गाउँपालिकाको कानुनी र नैतिक दायित्व समेत रहको,
- स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरु कुशल रुपमा सम्पादन गर्न विभिन्न पदीय जिम्मेवारीमा रहेका निर्वाचित प्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक रहेको,

- विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रुपमा ज्ञान, सीप र प्रविधियुक्त वनाउदै नागरिकहरुको आशा र अपेक्षा अनुसार काम गर्न सक्नेगरी स्थानीय सरकारकोसंस्थागत क्षमता विकास गर्न आवश्यक रहेको,
- नयाँ विषयमा आपूर्तिमा आधारित र आवश्यकता वोध गरेका क्षेत्रमा मागमा आधारित ज्ञान, सीप र मनोवृत्ति विकास गरी जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको।

## १.६ नीतिगत तथा कानुनि आधारहरु

यो क्षमता विकास योजना तयार गर्दा नेपालको संविधानमा उल्लेखित मौलिक हक र कर्तव्य, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय सरकारहरुका एकल र साझा अधिकारहरुको उपयोग गर्नुपर्ने कुराहरुलाई मध्यनजर गरिएको छ । क्षमता विकास योजना तयारीका क्रममा नेपालको संविधानले अंगिकार गरेका धाराहरु भाग ३ मौलिक हक र कर्तव्य सम्वन्धि समानताको हक (धारा १८), सम्पत्तिको हक (धारा २५), सूचनाको हक (धारा २७), शिक्षा सम्वन्धी हक (धारा ३१), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४) स्वास्थ्य सम्वन्धी हक (धारा ३५), खाद्य सम्वन्धी हक (धारा ३६), आवासको हक (धारा ३७), महिलाको हक (धारा ३८), वालबालिकाको हक ( धारा ३९), दलितको हक (धारा ४०) जेष्ठ नागरिकको हक (धारा ४१), सामाजिक न्ययको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) र उपभोक्ताको हक (धारा ४४) लाई यथेष्ट ध्यान दिईएको छ । किनभने स्थानीय सरकारहरु प्रत्यक्ष वा परोक्ष रुपमा यी जनसरोकारका विषयहरु र यसका सेवा प्रवाहमा जोडिएका हुन्छन ।



CamScanner

त्यसैगरी भाग ४ राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्वन्धी धारा ५० अनुसारका सिद्धान्तहरु र धारा ५१ विकास सम्वन्धी नीति, प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्वन्धी नीति, नागरिकका आधारभूत आवश्यकता सम्वन्धी नीति, श्रम र रोगार सम्वन्धी नीति, सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीति, न्याय र दण्ड सम्वन्धी नीति, पर्यटन सम्वन्धी नीति र अन्तराष्ट्रिय सम्वन्ध सम्वन्धी नीतिका समेतलाई ध्यानमा राखिएको छ । त्यसै गरी स्थानीय सरकार संचालन ऐनको दफा १०२ को २ मा उल्लेख भए वमोजिम स्थानीय सरकारले आफूलाई आवश्यक पर्ने ऐन तथा नीति नियम वनाउँनु पर्ने सन्दर्भलाई पनि ख्याल गरिएको छ ।

## १.७ योजना तर्जुमा विधि

क्षमता विकास योजना तयारी एकै पटक र सामान्य ढंगले हुँने कुरा होईन । यसको प्रयोजनका लागि निश्चित चार चरणका कार्यहरु गरी योजना तर्जुमा पुरा गरिएको छ । जसलाई देहाय वमोजिम देखाइएको छ ।

### चरण १: तयारी चरणः सेवा प्रदायक तथा सहजकर्ताहरुलाई अनुशिक्षण, छलफल र दस्तावेज अध्ययन

इनोभेसन इन्टरनेशनल प्रा.ली. र गाउँपालिका विच कार्य सम्झौता पश्चात तयारी चरणको सुरुवातमा सबै सेवा प्रदायकलाई योजना तयारीको औचित्य तथा अपनाउँन सकिने विधि तथा प्रकृया बारे औपचारिक तथा अनौपचारिक छलफल आयोजना गरि सम्वन्धित गाउँपालिकासँग समन्वय कायम गर्ने, सेवाग्रहि तहबाट स्थानीय सरकारको संस्थागत र मानव संसाधनको सेवा प्रवाह प्रतिको धारणका लागि प्रश्नावली तयारी र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वाट तयार पारिएको क्षमता विकास योजना तर्जुमा सम्वन्धि दिग्दर्शन २०७६ को विधि र प्रकृया



CamScanner

अन्तर्गत निर्दिष्ट फारमहरुलाई तयार गरी चरण एकको स्व:अध्ययन गर्न पठाईएको थियो ।

**चरण २: लेखाजोखा चरण: अनुशिक्षण, बर्तमान अवस्था बिश्लेषण र आवश्यकता लेखाजोखा**

क्षमता विकास योजना तयारीमा यो अध्ययन चरण हो । यो चरणमा स्थानीय सरकारका कर्मचारी, निर्वाचित प्रतिनिधीहरु र अन्य सरोकारवालाहरु सँग प्रत्यक्ष भेटघाट, छलफल, अनुशिक्षण लगायत संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालय बाट तयार पारिएको क्षमता विकास योजना तर्जुमा सम्वन्धि दिग्दर्शन २०७६ मा उल्लेखित फारमहरु प्रयोग गरी निम्न अनुसार लेखा जोखा तथा क्षमता विकासका आवश्यकता पहिचान गरिएको थियो । यो चरण पुरा गर्न विभिन्न सहचरणहरुको उपयोग गरिएको थियो । यस चरणमा देहाय बमोजिमको क्रियाकलाप संचलन गरिएको थियो :

**१. क्षमता विकास समन्वय समिति गठन**

क्षमता विकास योजना तयारी दिग्दर्शन २०७६ ले निर्दिष्ट गरेका जिम्मेवारीहरुका लागि कार्यपालिकाको बाट एक क्षमता विकास समन्वय समिति गठन गर्न सिफारिस गरिएको थियो । सो समितिको निम्न अनुसार छ,

संयोजक श्री ........................................, गाउँपालिका उपाध्यक्ष

सदस्य श्री ............................................, वडा अध्यक्ष

सदस्य श्री ..............................................., वडा अध्यक्ष

सदस्य श्री................................................., कार्यपालिका

सदस्य सदस्य-सचिव श्री ..............................प्रशासन शाखा प्रमुख

## २. क्षमता विकासको योजना तर्जुमा प्रक्रियाबारे अभिमुखीकरण

गाउँपालिका तहमै सानो समूहमा छलफल तथा पटक पटक भेटघाट तथा व्यक्तिगत तथा सामुहिक अन्तरक्रिया तथा संवाद गरिएको थियो ।

## ३. मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूची २ मा तोकिएको ढाँचा अनुसारका पाँच वटा विषयगत क्षेत्रमा सम्वन्धित महाशाखा/शाखा/एकाईका प्रमुखहरू सानो सानो समूहमा छलफल गराई स्व–मूल्यांकन विधिबाट संस्थागत क्षमता लेखाजोखाका लागि विवरण संकलन गरी संकलित विवरणहरूको विश्लेषणबाट गाउँपालिकाका लागि आवश्यक महसुस गरिएका मागमा आधारित संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरियो ।

## ४. नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा

यस गाउँपालिकाका गाउँपालिका अध्यक्ष र उपाध्यक्ष लगायत वडा अध्यक्ष, कार्यपालिका सदस्य र गठित समिति, उपसमितिका संयोजकहरूलाई पनि सानो सानोसमूहमा संवाद गरी क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूची ३ मा तोकिएको ढाँचा अनुसार नेतृत्व क्षमता लेखाजोखाका लागि स्व–मूल्यांकन विधिबाट विवरण संकलन गर्ने कार्य गरि नेतृत्व तहले आवश्यकता महसुस गरेको संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरियो ।

## ५. आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा

क्षमता विकास योजना सीमित संख्यामा पालिकाका पदाधिकारीहरु सँगै बसेर कार्य सम्पादन अवस्थाको अवलोकन गर्दै सम्पादन गरेका कार्यहरूको समीक्षा गर्दै स्थानीय सरकारको संस्थागत स्व–मूल्यांकन दस्तावेजहरूको को नतिजाको अध्ययन गरि अनुसूची ५ को उपयोगबाट आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा गरिएको थियो ।

## ६. क्षमता विकाससँग सम्वन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरूको पहिचान

योजना तर्जुमाकै समयमा सहभागितामूलक विधि र हाम्रो अनुभवका आधारमा अनुसूची ६ अनुसार विभिन्न प्रकारका क्षमता विकास कार्यका लागि आवश्यक पर्ने स्रोत व्यक्ति र सरोकारवालहरुको पहिचान गरिएको थियो ।

## ७. योजना कार्यान्वयनको समय र वजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान

संस्थागत क्षमाता विकासका लागि क्षमता विकासको प्रकृति अनुसारको समय र स्रोत व्यक्ति वा संस्था आवश्यक पर्ने हुदा छलफलकै माध्यमवाट समय निर्धारण गरियो र आवश्यक वजेटको हकमा कर्मचारी वढि अनुभवि हुने हुँदा अधिकांश वजेट आँकलन उनिहरुको अनुभववाट र पहिचान गरिएका क्षमता विकाससँग सम्वन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरूसँगको संवादका माध्यमवाट तय गरिएको थियो । त्यसै गरी आवश्यक पर्ने लागत व्यहोर्ने स्रोत पनि छलफलवाटै तय गरिएको थियो ।

## ८. शाखागत र विषयगत रुपमा मानव संसाधनको क्षमता लेखाजोखा

पदाधिकारी र कर्मचारी संगको छलफलका आधारमा दिग्दर्शनको अनुसूची ८ अनुसार स्थानीय सरकारको शाखागत रुपमा विद्यमान मानव संशाधनको क्षमता

लेखाजोखा गरि ज्ञान, सीप र दक्षता वृद्धिका लागि अपेक्षा गरिएको क्षमता विकास कार्यक्रम (विषयवस्तु) शाखाकै कर्मचारीहरुवाट प्रस्ताव गरियो ।

**९. योजना कार्यान्वयनको समय र वजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान**

मानव संसाधन विकासका लागि पनि क्षमता विकासको प्रकृति अनुसारको समय र स्रोत व्यक्ति वा संस्था आवश्यक पर्ने हुदा छलफलकै माध्यमवाट समय निर्धारण गरियो र आवश्यक वजेटको हकमा मानव संसाधन विकासका लागि पनि कर्मचारी र पहिचान गरिएका क्षमता विकाससँग सम्वन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरूसँगको संवादका माध्यमवाट आवश्यक लागत तय गरिएको थियो । त्यसै गरी आवश्यक पर्ने लागत व्यहोर्ने स्रोत पनि छलफलवाटै तय गरिएको थियो ।

**चरण ३: योजना लेखन चरण: प्राप्ता सूचनाको विश्लेषण, र क्षमता विकास योजनाको खाका तयारी**

उपरोक्त विभिन्न स्तरको अध्ययन, स्वमूल्याँकन तथा विश्लेषणपछि क्षमता विकास योजना तर्जुमा सम्वन्धि दिग्दर्शन २०७६ को अनुसूची ७ र १० मा उल्लेख भएको फारमको ढाचामा स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना र स्थानीय सरकारको मानव संशाधन विकास योजना तयार गरियो ।

**चरण ४: प्रतिवेदन चरण: मस्यौदा, प्रतिवेदन, योजना प्रस्तुती र अन्तिम प्रतिवेदन पेश**

गाउँपालिकामा अध्ययन तथा क्षमता लेखा जोखा र क्षमता विकासका उपायहरुको पहिचान गर्ने, आवश्यक लागत तय गर्ने तथा कार्यान्वयनको समय



CamScanner

सीमा र लागत व्यहोर्ने स्रोत पहिचान पछि को संश्लेषण गरी गाउँपालिका तहमा प्रस्तुति गरीयो । क्षामता विकास योजना त्यसै गरी गाउँपालिका तहको स्थलगत कार्य सम्पन्न भएपछि मस्यौदा प्रतिवेदन गाउँपालिकामा पेश गरियो । गाउँपालिकामा प्रस्तुत गरी आएका सुझावहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार पश्चात गाउँपालिकामा पेश गरियो ।

## १.८ क्षमता विकास योजनाका सीमा

गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा गर्दा भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरु बहाली रहेको अवस्था छ । जसले गर्दा नवनिर्वाचित पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि स्वयं वहाँहरुले नै आफूलाई आवश्यक क्षमता विकासका गतिविधिहरु र समग्र संस्थागत क्षमता अभिबृद्धिका क्रियाकलापहरुको छनौट गर्नु भएको छ, भने कर्मचारीहरुले पनि छ विगतको अनुभवका आधारमा सेवा प्रवाहमा देखिएका कमी कमजोरीहरुको मुल्याँकन एवं विश्लेषण गरी उपयुक्त क्षमता विकासका क्रियाकलाहरु पहिचान गर्नु भएको छ । यस देखि बाहेक विगतका वर्षहरुमा भएका क्षमता विकासका क्रियाकलापहरुको निरन्तरता तथा संस्थागत स्वमूल्याँकनमा कमजोर देखिएका सूचकहरुको सुधारका लागि गर्नु पर्ने आवश्यक क्रियाकलाप समेत यस क्षमता विकास योजनामा समेटिएका छन् । भर्खरै गाउँपालिका सभा सम्पन्न भै सकेकोले क्षमता विकास योजनामा प्रस्तुत गरेका सबै क्रियाकलापहरुका लागि बजेटको सुनिश्चिताका लागि आगामी गाउँसभासम्म पर्खनु पर्ने देखिएको छ ।

गाउपालिकाका कार्यहरु स्थलगत रुपमै अध्ययन गर्ने कार्य लाई व्यापकता दिन सकिएन । त्यसै गरी सेवाग्राहीहरु सँग गाउँपालिकाको सेवा प्रवाहबारे संक्षिप्त सर्भे गर्न पनि सकिएन । जे जति सूचना गाउँपालिकाका सिमित पदाधिकारी र

कर्मचारी तथा वडा सचिवहरु बाट प्राप्त गर्न सकियो त्यसैलाई आधार मानि यो प्रतिवेदन तयार गरिएको छ ।

## १.९ कार्यकारी सारांश

यो क्षमता विकास योजनाको कार्यान्वयनले नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, गाउँ कार्यपालिकाको कार्यविभाजन नियमावली र नेपाल सरकारले विभिन्न समयमा तर्जुमा गरेको नीति, निर्देशिका र मार्गदर्शनका आधारमा गाउँपालिकाले आफ्नो कार्यालय, वडा, सरोकारवाला, सेवाग्राही, सेवा प्रदायक संस्थाहरुको क्षमता विकास गरी जनताका आकांक्षा एवं आवश्यकता पूरा गर्न एवम् सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउन सकिने विश्वास लिइएको छ । विगतका अनुभव, विद्यमान क्षमता र आवश्यकता एवम्कार्य सम्पादन मूल्याङ्कनका आधारमा लक्षित वर्ग लगायत आम गाउँपालिका वासीलाई गाउँपालिकाले प्रदान गर्नुपर्ने सेवा सुविधा सहज रुपमा प्रदान गर्न गाउँपालिका लगायत आफ्नो क्षेत्रका सेवाप्रदायक र सेवाग्राहीको समेत क्षमता अभिवृद्धि गर्ने उद्देश्यबाट यो क्षमता विकास योजना २०७९ निर्देशित छ । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा सचिव र गाउँपालिकाका कर्मचारी समेतको उपस्थितिमा क्षमता विकासको विद्यमान अवस्था, अन्तराल, सामूहिक तथा व्यक्तिगत छलफल एवं अन्तरक्रिया गरी प्राप्त राय सुझावहरुका आधारमा यो क्षमता विकास योजनाको मस्यौदा तयार पारिएको छ । यसरी सामुहिक छलफल, अन्तरक्रिया, कर्मचारी एवं सेवाग्रहीहरुसंगको व्यक्तिगत छलफलवाट प्राप्त सुझावहरुलाई समेत समेटी यस गाउँपालिकाको क्षमता विकास योजना तयार गरिएको छ । प्रस्तुत क्षमता विकास योजना गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि, वडा कार्यालय, विषयगत शाखा, सेवा प्रदायक संस्था, गैसस, उपभोक्ता समिति, निजी क्षेत्र, नागरिक समाजका संस्थाहरुको समेत क्षमता विकासका लागि मुख्य


क्रियाकलाप तथा सो भित्रका सहायक क्रियाकलापहरुलाई समेत समेटी भौतिक स्रोत, नीति-नियम तथा निर्देशिकाहरू, मानव-स्रोत व्यवस्थापन एवम् क्षमता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिम, कार्यशाला, गोष्ठी, भ्रमण एवम्अन्तरक्रियात्मक छलफल/वैठकहरूको खाका प्रस्तुत गरेको छ । यो क्षमता विकास योजनाको स्वीकृति, वजेट विनियोजना तथा कार्यान्वयनमा गाउँपालिका र अन्य सरोकारवालाहरु समेतको पूर्ण सहयोग पुग्ने आशा गरिएको छ ।

## परिच्छेद-२

## मुड्केचुला गाउँपालिकाको परिच

### २.१ गाउँपालिकाको रुपरेखा

गाउँपालिकाको वर्तमान क्षमता विश्लेषण र विकासका आवश्यकता पहिचान गरी क्षमता विकास योजना तर्जुमा गर्न वर्तमान अवस्थामा गाउँपालिकाको संक्षिप्त वस्तुस्थिति र वर्तमानको भौतिक स्रोत साधन र मानव संसाधनको संस्थागत संरचनाको बढि महत्व रहन्छ । तसर्थ यस परिच्छेदमा खास गरी गाउँपालिकाको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।




### २.२ गाउपालिकाको परिचय

कर्णाली प्रदेश अन्तर्गत डोल्पा जिल्लामा अवस्थित मुड्केचुला गाउँपालिका समुन्द्री सतहको २,१७० मिटर देखि ६,८८३ मिटरसम्मको उचाईमा अवस्थित छ ।कुल क्षेत्रफल २५०.०८ वर्ग कि.मी. रहेको मध्ये ६९४.२९ वर्ग कि.मि



CamScanner

भू-भाग शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जले ओगटेको छ । यस गाउँपालिकालाई समग्र डोल्पा जिल्लाको क्षेत्रफलसँग तुलना गर्दा करिव १७ प्रतिशत भू-भाग ओगटेको देखिन्छ । यस गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले २९ डिग्री ०३ मिनेट देखि २९ डिग्री २४ मिनेट उत्तरी अक्षांश र ८२ डिग्री २६ मिनेट देखी ८२ डिग्री ४७ मिनेट पूर्वी देशान्तरबिच फैलिएको छ । यो गाउँपालिका डोल्पा जिल्लाको सदरमुकाम दुनै देखि पश्चिम दिशामा पर्दछ ।

राज्य पुर्नसंरचना गर्दा साविकको कालिका, नर्कु र सर्मी गा.वि.स.लाई मिसाएर वि.सं. २०७३ सालमा मुड्केचुला गाउँपालिकाको गठन गरिएको हो । यस गाउँपालिकाको नामाकरण धार्मिक तथा पर्यटकिय हिसाबले महत्वपुर्ण मुड्केचुला तिर्थस्थलको नामबाट नामाकरण गरिएको हो ।

### २.३ गाउपालिकाको प्रशासनिक तथा राजनितिक विभाजन

मुड्केचुला गाउँपालिका कर्णाली प्रदेश अन्तरगत डोल्पा जिल्लाको पश्चिमी भागमा अवस्थित रहि जुम्ला जिल्लासँग सिमाना जोडिएको जिल्ला हो । साविकका ३ गा.वि.स.हरू (कालिका,नर्कु र सर्मी) समावेश गरी बनाइएको यस गाउँपालिकालाई ९ वडाहरूमा विभाजन गरिएको छ । डोल्पा जिल्लामा विद्यमान २ नगरपालिका र ६ गाउँपालिका गरी ८ स्थानीय तहमध्ये मुड्केचुला गाउँपालिका पनि एक हो । हाल यस मुड्केचुला गाउँ कार्यपालिकाको कार्यालय वडा नं. ६ को नर्कुमा रहेको छ । यस जिल्लामा प्रतिनिधि सभा सदस्यका लागि एक वटा निर्वाचन क्षेत्र तथा प्रदेश सभाका लागी २ वटा निर्वाचन क्षेत्र रहेको छ । मुड्केचुला गाउँपालिका प्रदेश 'ख' अन्तर्गत पर्दछ ।

## २.४ गाउपालिकाको जनसंख्या सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउपालिकाको जनसंख्या ५८०३ रहेको छ । ५०.०३ प्रतिशत पुरुष अथवा २९१९ जना रहेका छन् । ४९.०७ प्रतिशत महिला अथवा २८८४ जना रहेका छन् ।

लैंगिक अनुपात अनुसार १०० पुरुषमा महिलाको संख्या १०१.१४ प्रतिशत रहन गएको छ । गाउपालिकाको कुल जनसंख्या मध्ये ३३१६ जना १५ वर्षदेखि ५९ वर्षसम्मका (५७.१४ प्रतिशत), २१४९ जना १४ वर्ष अथवा सोभन्दा कम उमेरका (३७.०३ प्रतिशत) र ३३८ जना ६० वर्षभन्दा माथिका उमेरका (५.८२ प्रतिशत) रहेका छन् । जनगणना २०७८ का अनुसार गाउपालिकामा ११९० घरपरिवारहरू रहेका छन् । औसतमा प्रति परिवार गाउपालिकामा ४.८८ जना सदस्य रहेका छन् । गाउपालिका वासीको साक्षर ७७ प्रतिशत रहेको छ । गाउपालिकाको कुल जनसंख्या मध्ये ४ प्रतिशत अथवा २३३ जनामा आपांगता रहेको जनगणना २०७८ ले जनाएको छ । जसमा पुरुषको संख्या १४१ अथवा ४.९ प्रतिशत रहेको छ । ९२ जना महिला अथवा ३.२ प्रतिशत महिला रहेका छन् ।

## २.५ गाउपालिकाको जात-जातीय विवरण

नेपाल बहूभाषिक, बहूधार्मिक, वहूजातिय, अनेकतामा एकताले भरिएको मूलूक हो । विभिन्न जातजाति, भाषा, भाषी र समूदायमा विविध धर्म, संस्कृति अनूसरण गर्दै आएका नागरिकहरूको बसोवास रहेकोछ । यस्तो विविधता मुड्केचुला गाउपालिकामा पनि छ ।

यस गाउँपालिकाको घरपरिवार सर्वेक्षण २०७९ अनुसार घरधुरीलाई जातजातिगत आधारमा हेर्दा सबैभन्दा बढी घरपरिवार पहाडी क्षेत्रीको रहेको छ । दोस्रोमा पहाडी ठकुरीहरु पर्दछन भने तेस्रोमा पहाडीहरु पर्दछन । यस गाउँपालिकामा ब्राह्मणको भने एक घर पनि रहेको छैन । घरपरिवारको जातिगत विवरण वडागत रुपमा देहायको तालिकामा दिइएको छ ।

तालिका १: जातजाति अनुसार जनसंख्याको वडागत विवरण

| घर परिवार सर्वेक्षण फारम २०७९,जातजाति संख्या | | | |
|---|---|---|---|
| वडा नं | क्षेत्री | जनजाति | दलित |
| वडा नं १ | ५५६ | ३५ | १ |
| वडा नं २ | १०१ | ० | ४०१ |
| वडा नं ३ | ४२० | ३१ | |
| वडा नं ४ | ४०० | २१ | ५६ |
| वडा नं ५ | ५३२ | ० | |
| वडा नं ६ | ७२६ | ४ | २५० |
| वडा नं ७ | ७५५ | १२६ | २ |
| वडा नं ८ | ८०१ | ५ | ४५० |
| वडा नं ९ | ५०२ | ४ | २३८ |
| जम्मा | ४७९३ | २२६ | ३१० |

| घर परिवार सर्वेक्षण फारम २०७९ अनुसार | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं | क्षेत्री | | जनजाति | | दलित | |
| | घरपरिवार | जनसंख्या | घरपरिवार | जनसंख्या | घरपरिवार | जनसंख्या |
| १ | १०२ | ५५६ | ९ | ३५ | १ | १ |
| २ | २१ | १०१ | ० | ० | ८५ | ४०१ |
| ३ | ८७ | ४२० | ६ | ३१ | १३ | ५६ |
| ४ | ७८ | ४०० | ५ | २१ | ४७ | २५० |
| ५ | १०६ | ५३२ | ० | ० | १ | २ |
| ६ | १२६ | ७२६ | ४ | ४ | २२ | ४५० |
| ७ | १२४ | ७५५ | २२ | १२६ | ६५ | २३८ |
| ८ | ११४ | ८०१ | १ | ५ | ६९ | ३१० |
| ९ | १०० | ५०२ | १ | ४ | २३ | १२५ |
| जम्मा | ८५८ | ४७९३ | ४८ | २२६ | ३२६ | १८३३ |

(स्रोत :तथ्याङ्क विभाग, २०७८, घरपरिवार सर्भेक्षण, २०७९ (

## परिच्छेद- तिन

## पालिकाको बर्तमान अबस्था

### ३.१ गाउँपालिकाको वर्तमान अवस्था

क्षमता विकासको विद्यमान अवस्थालाई निम्न चार भागमा विभाजन गरी चित्रण तथा विश्लेषण गरिएको छ:

### ३.१.१ भौतिक स्रोत साधनः

संस्थाको भूमिकालाई कम लागतमा प्रभावकारी रुपले सम्पादन गर्न आवश्यक पर्ने कार्यस्थान तथा कार्यालय सामग्री, सवारी साधन, मेसिन तथा उपकरण र सूचना तथा संचार प्रविधिको वर्तमान अवस्थालाई यस अन्तर्गत राखिएको छ।

- **कार्यस्थलः** हालको गाउँपालिकाको मुख्य प्रशासनिक कार्यालय पुरानो सामान्य प्रकारको भवनमा सञ्चालनमा रहेको छ, । सँगै अर्को नयाँ भवनको निर्माण कार्य सुचारु गर्न छलफल अन्तिम चरणमा पुगेको छ । तसर्थ, पुरानो ी भवनमा कार्यकक्षको अभाव जस्तो नै छ भने कार्यालयको शाखाहरुको लेआउट व्यवस्थित छैन । कार्यालय स्थानमा स्पेश नभएकोले प्रशासनिक कार्य वातावरण सहज भएको देखिदैन । यसका अतिरिक्त गाउँपालिका सबै शाखा व्यवसथित रुपमा नरहेको अवस्था विद्यमान छ । यसले गाउँपालिकाको कार्यलाई व्यवस्थित रुपले सञ्चालन गर्न भएको स्थानको प्रभावकारी रुपमा लेआउट तयार गरि संचालन गर्नुपर्ने आवश्यकता रहेको छ । साविकमा गाउँ

विकास समितिवाट गाउँपालिकाको वडामा रुपान्तरण भई आएका ९ वटा वडाहरुमा नयाँ स्वास्थ्य चौकी तथा कृषि प्रसार सेवा केन्द्रको लागि भवनहरु निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ। गाउँपालिकाका केहि वडाका आफनै भवनमा सेवा प्रवाह गरिरहेकाको भएतापनि भवनहरु समय अनुकुल आधुनिक प्रकृतिका छैनन्।

- **कार्यालय सामग्रीः** हाल गाउँपालिकाका शाखा तथा वडाहरुमा आवश्यक पर्ने न्यूनतम कार्यालय सामग्रीहरु जस्तो फर्निचर, कम्प्युटर/ल्यापटप, प्रिन्टर, फोटोकपी, टेलिफोन आदि विद्यमान छन् । गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन अनुसार विभिन्न शाखाहरुलाई उपयुक्त हुने गरी विद्यमान कार्यस्थानको पुन लेआउट गरी आवश्यक कार्यस्थान सहितको फर्निचर तथा कार्यालय सामग्रीको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ। त्यसै गरी वडा तथा सेवा केन्द्रको कार्यालय सामग्रीको आवश्यकता अध्ययन गरी सो अनुसार कार्यालय सामग्रीहरु क्रमशः उपलब्ध गराउदै जानु पर्ने देखिन्छ।
- **सवारी साधनः** गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लाई अनुगमनका लागि चार पाङ्ग्रे सवारी साधन अभाव रहेको छ। यद्यपी सडक संजाल पनि प्रभावकारी नरहेको अवस्था छ। यसका अतिरिक्त, अन्य शाखा तथा फिल्डमा काम गर्ने प्राविधिक कर्मचारीहरुलाई मोटरसाइकल उपलब्ध गराइएको छैन । गाउँपालिकाका वडाका सचिवहरुलाई आवश्यकता अनुसार मोटरसाईकल उपलब्ध गराउन आवश्यक रहको छ। गाउँपालिकाको काममा सहजता ल्याउन प्रत्येक शाखाको कार्य सञ्चालन तथा अनुगमनको लागि एक वटा चार पाङ्ग्रे सवारी साधन उपलब्ध गराउन आवश्यक देखिन्छ।
- **मेसिन तथा उपकरणः** गाउँपालिकासंग टिपर –१ वटा, सक्सन डोजर –१ वटा र आगलागी नियन्त्रणको लागि १ वटा वारुणयन्त्रहरुको अभाव रहेको

छ। गाउँपालिकाको फोहरमैला व्यवस्थापन, वातवरण संरक्षण तथा आगलागी नियन्त्रणको लागि आधुनिक उपकरणहरुको आवश्यकता देखिएको छ भने स्वास्थ्यजन्य फोहर व्यवस्थापनको लागि आवश्यक उपकरणको आवश्यकता महशसु गरिएको छ । यसका अतिरिक्त निर्माण सामग्रीहरुको गुणस्तर परीक्षणको लागि प्रयोगशाखा उपकरणहरुको व्यवस्था गर्नु जरुरी देखिन्छ।

- **<u>सूचना तथा संचार प्रविधि:</u>** गाउँपालिकामा सूचना प्रविधि शाखा स्थापना भई कार्य सम्पादन भई आएको छ । गाउँपालिकाले आफ्नो वेवसाइटलाई व्यवस्थित रुपमा सञ्चालन गरिरहेको छ । गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवयर प्रणालीहरु स्थापना गरी वडामा समेत प्रयोगमा ल्याइएको छ। सूचना तथा संचार प्रणालीमा सुधार ल्याउन Cloud Based Data Storage System, समान सफ्टवयरहरुलाई एक आपसमा लिङ्क गर्ने, आवश्यक थप सफ्टवयर प्रणालीको स्थापना गरी सञ्चालनमा ल्याउने तथा कार्यालयको आन्तरिक संचारको लागि इन्टरकमको आवश्यकता महशुस भएको छ । गाउँपालिकामा हाल सञ्चालनमा रहेका कम्प्युटर सफ्टवयरहरु निम्न अनुसार छन्:

**तालिका २: गाउँपालिकामा सञ्चालनमा रहेका कम्प्युटर सफ्टवयर प्रणालीहरु**

| सफ्टवयरको नाम | सफ्टवयर निर्माता | सफ्टवयरले समेटेको कार्यहरु |
|---|---|---|
| विद्युतीय हाजिरी | Perfect Active solutions | कर्मचारीको हाजिरी तथा कर्मचारीको तलबी फाराम तयारी |
| Sub-national Treasury Regulatory Application (SUTRA) | म.ले.नि.का. | बजेट तथा लेखा व्यवस्थापन |
| आय लेखा सफ्टवयर | सांग्रिला | आन्तरिक आय व्यवस्थापन वडा समेतमा सञ्चालन |

| | | |
|---|---|---|
| जिन्सी व्यवस्थापन जिन्सी सामानको अभिलेख तथा भण्डार व्यवस्थापन | पाम्स | जिन्सी व्यवस्थापन जिन्सी सामानको अभिलेख तथा भण्डार व्यवस्थापन |
| Education Management Information System (EMIS) शिक्षासंग सम्वन्धित तथ्यांक | शिक्षा विभाग | शिक्षासंग सम्वन्धित तथ्यांक |
| www.docr.gov.np | नेपाल सरकार | सामाजिक सुरक्षा भत्ता अभिलेख |
| www.docr.gov.np | नेपाल सरकार | नेपाल सरकार घटना दर्ता |

**श्रोतः मुड्केचुला गाउँपालिका**

## ३.२ क्षमता विकासका लागि गाउँपालिकाले अंगिकार गरेका नीतिहरु

विगतका वर्षहरु देखि नै गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा क्षमता विकासका गतिविधिहरु सञ्चालन गर्दै आएको छ । जसमा कार्यालय पूर्वाधार, प्रणालीगत सुधार, मानव संशाधन विकास आदीका गतिविधिहरु संचालित रहेका छन् । नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनको मर्म अनुरुप स्थानीय सरकारले सेवा प्रवाह मार्फत जनतालाई सुशासनको प्रत्याभूति दिलाउने कुराको सुनिश्चितता प्रदान गर्नका लागि समय सापेक्षरुपमा विकास भै रहेको प्रविधि, ज्ञान, सीपलाई अंगिकार गर्दै गुणस्तरीय सेवा प्रवाह गर्न संस्थागत तथा मानव संशाधन तर्फ क्षमता विकास गर्नु अपरिहार्य हुन्छ। यस गाउँपालिकाको क्षमता विकास सम्वन्धी छुट्टै नीति नभएता पनि गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा क्षमता विकास सम्बन्धी निम्न नीतिहरु उल्लेख गरिएको छ :

- संघ, प्रदेश र स्थानीय तहका कर्मचारी समायोजनको काम सम्पन्न भै सकेको सन्दर्भमा यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन आगामी वर्षबाट पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।

- समय सापेक्ष कर्मचारीहरुलाई आवश्यक क्षमता विकास तालिम कार्यक्रमरु सञ्चालन गरी दक्ष बनाई गाउँपालिकावासीलाई उपलब्ध गराउने सेवा प्रवाहलाई चुस्त, दुरुस्त, छिटो, छरितो, पारदर्शी, जवाफदेही र जनउत्तरदायी बनाइनेछ ।
- सेवा प्रवाहलाई छिटो छरितो र विश्वसनीय बनाउन आधुनिक सूचना प्रणालीको अधिकतम प्रयोग गरी Remote Based Service Delivery प्रणाली सञ्चालनमा जोड दिइनेछ ।
- वडा कार्यालयहरुमा समेत नागरिक बडापत्र डिजिटल प्रणालीमा रुपान्तरण गरिनेछ ।
- जनप्रतिनिधिहरु/कर्मचारीहरुलाई आगामी आर्थिक वर्षमा क्षमता अभिबृद्धि तथा आन्तरिक पर्यटनको प्रवर्द्धनलाई समेत सघाऊ पुग्ने गरी अध्ययन, अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।
- कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादनको आन्तरिक मुल्याँकन गरी उत्कृष्ठ कर्मचरी घोषणा गर्दै उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

उपरोक्तानुसारका नीतिगत व्यवस्थाको स्वीकृत एवं कार्यान्वयनबाट गाउँपालिकाले क्षमता विकासका क्षेत्रमा उल्लेख्य काम गर्न खोजेको देखिन्छ ।

## ३.३ गाउँपालिकाको वर्तमान नीति, योजना, कानून, कार्यविधि र पद्धतिः

गाउँपालिकालाई प्राप्त अधिकारहरुको व्यवस्थित तथा संस्थागत रुपमा कार्यान्वयन गर्न विधि तथा प्रणालीको स्थापना गर्नु आवश्यक हुन्छ । यसका लागि आवश्यक नीति, ऐन-नियम, कार्यविधि, योजना आदि तर्जुमा गरी कार्यान्वयमा ल्याउनु जरुरी हुन्छ । त्यसैगरी सम्पादन गरिने कार्यलाई व्यवस्थित रुपले सम्पादन गर्न तथा सबैमा एउटै बुझाइ ल्याउन प्रणाली निर्धारण गर्नु पनि उत्तिकै आवश्यक

हुन्छ। कार्यप्रणाली अन्तर्गत कार्य सम्पादन प्रणाली, कार्य वातावरण, संचार, समन्वय जस्ता पक्ष समावेश हुन्छन्। यसै सन्दर्भमा गाउँपालिकाले तर्जुमा गरेका विधि तथा कार्यप्रणालीहरुको विद्यमान अवस्थाको विश्लेषण गरिएको छः

- **नीति तथा रणनीतिः** गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा वार्षिक रुपमा नीति तथा कार्यक्रम तर्जमा गरिआएको छ। यसका अतिरिक्त गाउँपालिकाले सावर्ज निक निजी साझेदारी नीति, विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने नीति, शिक्षा नीति, पशु नीति २०७७ र स्वास्थ्य नीति २०७८ तर्जुमा गरेको छ। गाउँपालिकाको विकासलाई थप समावेशी, फोहरमैला व्यवस्थापन तर्फ उद्यत, जलवायु परिवर्तन-अनुकूल तथा ड विपद-उत्थानशील वनाउन आवश्यक नीति तथा रणनीति तर्जुमा गर्नुपर्ने आवश्यकता महशसु गरिएको छ।
- **मध्यकालीन योजना तथा गुरु योजनाः** गाउँपालिकाले शुरुवात गरेका गुरु योजनाहरु सम्पन्न गरी त्यसको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ। गाउँपालिकाद्वारा मझौला स्तरका केही पूर्वाधार योजनाहरु (गाउँपालिका भवन) को विस्तृत परियोजना प्रस्तावहरु पनि तयार गरिएका छन्। गाउँपालिकाले तयार गरेका योजनाहरु तथा विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयनको लागि गाउँपालिकाको मध्यकालीन खर्च संरचना तयार गरी सो को आधारमा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने आवश्यकता महशूस भएको छ। यसका अतिरिक्त गाउँपालिकाले आवधिक गाउँपालिका विकास योजना तर्जुमा गरी विषयगत क्षेत्रहरु (स्वास्थ्य, विपद, कृषि तथा पशु, पर्यटन, फोहरमैला व्यवस्थापन) कोविकासका लागि थप योजनाहरु तर्जमु गर्न आवश्यक देखिन्छ। साथै गाउँपालिकाको दिगो विकासकालागि शहरी पूर्वाधारहरुको संचालन तथा मर्मत सम्भार योजना,

राजस्व सुधार योजना, आर्थिक विकास योजना जस्ता योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउने आवश्यकता महशुस भएको छ ।

- **ऐन, नियम, मापदण्ड तथा कार्यविधिः** गाउँपालिकाले २०८० मंसिर सम्ममा ३५ वटा ऐन, नियमावली तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ, यद्यपि, यसको गुणस्तरमा सुधार गरी कानूनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयनमा ल्याउन थप प्रयासहरु गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ । यसका अतिरिक्त, गाउँपालिकाको कार्य सम्पादनका लागि थप ऐन, नियम तथा कार्यविधि तर्जुमा गर्नुपर्ने आवश्यकता महशूस गरिएको छ । गाउँपालिका सभा तथा गाउँपालिकाले पारित गरेका मौजुदा ऐन, नियम, कार्यविधि तथा मापदण्डहरु निम्न अनुसार रहेका छन्:

**तलिका नं. ३ नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्डको संख्यात्मक अवस्था**

| सि.नं. | नीति / कानून | सख्या | अप्रकाशित | कैफियत |
|---|---|---|---|---|
| १ | नीति | १ | १ | |
| २ | ऐन | ९ | ९ | |
| ३ | नियमावली | २ | २ | |
| ४ | कार्यविधि | १४ | १४ | |
| ५ | निर्देशिका | ८ | ८ | |
| ६ | मापदण्ड | १ | १ | |
| | **जम्मा** | ३५ | ३५ | |

**श्रोतः गाउँपालिका, कानुन शाखा**

# परिच्छेद - चार

## मानब संशाधनको अबस्था

### ४.१ गाउपालिकाको विद्यमान मानव संसाधनको अवस्था

गाउँपालिकाको भूमिका सही तरिकाले पुरा गर्नको लागि आवश्यक संख्यामा सहि क्षमता भएका जनशक्ति समयमै प्राप्त गर्नुपर्दछ। यसै सन्दर्भमा, गाउँपालिकामा रहेका विद्यमान मानव संसाधन तथा थप आवश्यक मानव संसाधन प्राप्तिका लागि गाउँपालिकाले गरेको प्रयासहरुको विश्लेषण यस अन्तर्गत राखिएको छ। गाउँपालिकाका जनप्रतिनिधिहरुको निर्वाचन २०७९ साल बैशाख ३१ गते सम्पन्न भई अध्यक्ष,उपाध्यक्ष, ९ जना वडा अध्यक्षहरु, ६ जना गाउँपालिकाकार्यपालिका सदस्यहरु तथा ३६ जना वडा सदस्यहरु कार्यरत रहेका छन्। पुनर्संरचना पछि गठन भएको गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षणको लागि परामर्शदाता नियुक्त गरी अध्ययन पश्चात संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्य सम्पन्न गरि सो अनुरुप कार्य संचालनको लागि गाउँपालिकामा रहने शाखाहरु एकीन भई कर्मचारी दरबन्दी निर्धारण भइसकेको अवस्था छ। गाउँपालिकाको कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि संगठन तथा ब्यवस्थापन सर्भेक्षण स्वीकृत गरी सो बमोजिमको शाखाहरुको व्यवस्था, विद्यमान कर्मचारीहरुको मिलान तथा थप कर्मचारी प्राप्ति गर्ने प्रकृया तत्कालै अघि वढाउन आवश्यक देखिन्छ। साथै केही विषयगत विषेशज्ञहरुको दरवंदीको ब्यवस्था गरी तत्कालै नियुक्त गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ। गाउँपालिकामा कार्यरत कर्मचारीहरु निरन्तर रुपमा सरुवा वा

अवकाश भई रहेकोले संख्या एकीन नभए तापनि हाल गाउँपालिकामा करिव ३९ जना कार्यरत रहेको अनुमान छ।

सङ्गठन संरचनाकै आधारमा कर्मचारीहरू परिचालन हुने र कर्मचारीहरू मार्फत नै सङ्गठनले सेवा प्रवाह गर्ने हुँदा गाउँपालिकाको साङ्गठनिक क्रियाकलापहरूलाई दिशा निर्देशन गर्न यसको सङ्गठन संरचनाले निकै महत्वपर्ण भूमिका खेलेको हुन्छ । गाउँपालिकाले आफ्ना सेवा प्रवाहका गतिविधिहरूलाई व्यवस्थित गर्न तथा गुणस्तरिय बनाउनका लागी सङ्गठन स्वरूप स्वीकृत गरी सेवा संचालन गर्दै आएको छ। आवश्यकता अनुसार गाउँपालिकाको सङ्गठन संरचनामा समयानुकूल सुधार र परिमार्जन गर्दै आइरहेको छ। गाउँपालिकामा सङ्गठन भित्रका प्रत्येक शाखा तथा इकाईहरूको स्पष्ट कार्य विवरण तयार गरी लागू गर्नु पर्ने देखिन्छ। शाखागत रुपमा गाउँपालिकामा निम्न अनुसार कर्मचारीहरु कार्यरत रहेका छन्:

तालिका नं. ४: मुड्केचुला गाउँपालिकामा स्विकृत दरवन्दी तेरिज

| सि.नं. | पद | तह | सेवा | समुह | स्विकृत दरवन्दी | अन्य सेवा वाट समायोजन हुने दरवन्दी | बाँकी दरवन्दी | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औ | प्रशासन | सा प्र | १ | १ | १ | नि प्र प्र अ बाट कार्यालय |



CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संचालन गर्ना रहेको |
| २ | ईन्जीनीयर | ६ औ | ईन्जि | सिभिल | १ | १ | १ | क रार |
| ३ | अधिकृत | ६ औ | शिक्षा | शि प्र | १ | १ | ० | |
| ४ | अधिकृत | ७/८औ | प्रशासन | लेखा | १ | ० | १ | |
| ५ | अधिकृत | ७/८औ | प्रशासन | सा प्र | १ | ० | १ | |
| ६ | पशु चिकित्सक | ७/८ औ | नेपाल कृषि सेवा (भेटनरी) | क़भेटन री | १ | ० | १ | |
| ७ | कृषि अधिकृत | ७/८ औ | नेपाल कृषि सेवा | कृषि सेवा | १ | ० | १ | |
| ८ | आन्तरिक लेखा परिक्षक | ५ औ | प्रशासन | लेखा | १ | १ | ० | |
| ९ | सहायक | ५ औ | प्रशासन | शि प्र | ४ | २ | २ | |
| १० | कम्प्युटर अपरेटर | ५ औ | विविध | | १ | ० | १ | |
| ११ | लेखा सहायक | ५ औ | प्रशासन | लेखा | १ | १ | ० | |
| १२ | प्रा स | ५ औ | शिक्षा | शि प्र | १ | १ | ० | |
| १३ | हे अ | ५/६ औ | स्वास्थ्य | हे ई | १ | १ | ० | |
| १४ | सव ईन्जीनीयर | ५ औ | ईन्जि | सिभिल | १ | १ | ० | |
| १५ | अ सव ईन्जीनीयर | चौथो | ईन्जि | सिभिल | १ | १ | ० | |
| १६ | स महिला विकास निरिक्षक | चौथो | विविध | | १ | १ | ० | |
| १७ | खा प स टे | चौथो/पा चौं | ईन्जि | सिभिल | १ | १ | ० | |
| **कार्यालय तर्फ जम्मा** | | | | | 19 | 12 | 8 | |
| **वडा कार्यालय तर्फ (९ बटै वडा)** | | | | | | | | |
| १ | सहायक | ५ औ | प्रशासन | | ४ | १ | ३ | |
| २ | सव ईन्जीनीयर | ५ औ | ईन्जि | | ४ | २ | २ | |
| ३ | सहायक | चौथो | प्रशासन | | ५ | १ | ४ | |



CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | अ सव ईन्जीनीयर | चौथो | ईन्जि | | ५ | २ | ३ | |
| वडा कार्यालयतर्फ जम्मा | | | | | १८ | ६ | १२ | |
| कुल जम्मा | | | | | ३७ | १८ | २० | |
| संघिय सरकारबाट विभिन्न कार्यक्रमबाट खटाईएको कर्मचारीको विवरण | | | | | | | | |
| १ | सूचना प्रविधि अधिकृत | ६ औं | नेपाल विविध सेवा | | १ | १ | ० | |
| २ | रोजगार संयोजक | ५ औ | नेपाल विविध सेवा | | १ | १ | ० | |
| ३ | प्राविधिक सहायक | ५ औ | नेपाल विविध सेवा | | १ | १ | ० | |
| ४ | एम आइ एस अपरेटर | ५ औ | नेपाल विविध सेवा | | १ | १ | ० | |
| ५ | फिल्ड सहायक | चौथो | नेपाल विविध सेवा | | २ | २ | ० | |
| ६ | रोजगार सहायक | चौथो | नेपाल विविध सेवा | | १ | १ | ० | |
| ७ | उद्यम विकास सहजकर्ता | चौथो | नेपाल विविध सेवा | | २ | २ | ० | |
| कुल जम्मा | | | | | ९ | ९ | ० | |

## ४.२ गाउँपालिका, सरकारी कार्यालय तथा निकायहरू

**तालिका नं. ५ सरकारी निकायहरु**

| सि नं | सरकारी कार्यालयको नाम | स्थान |
|---|---|---|
| १ | विद्यालय भवन | मुड्केचुला-०१ |
| २ | स्वास्थ्य ईकाइ केन्द्र | मुड्केचुला-०१ |
| ३ | शहिद स्मृति | मुड्केचुला-०१ |
| ४ | वडा कार्यालय | मुड्केचुला-०१ |
| ५ | फेमिलि हस्पिटल | मुड्केचुला-०२ |



CamScanner

| | | |
|---|---|---|
| ६ | स्वास्थ्य सेवा ईकाइ | मुड्केचुला-०२ |
| ७ | ईलाका प्रहरी कार्यालय | मुड्केचुला-०२ |
| ८ | बर्थिंग सेन्टर | मुड्केचुला-०२ |
| ९ | कालिका साधारण तथा प्राविधिक विद्यालय | मुड्केचुला-०२ |
| १० | २ नं वडा कार्यालय | मुड्केचुला-०२ |
| ११ | विद्यालय भवन | मुड्केचुला-०३ |
| १२ | स्वास्थ्य ईकाइ केन्द्र | मुड्केचुला-०३ |
| १३ | स्वास्थ्य सेवा ईकाइ | मुड्केचुला-०४ |
| १४ | ईलाका प्रहरी कार्यालय | मुड्केचुला-०४ |
| १५ | ४ नं वडा कार्यालय | मुड्केचुला-०४ |
| १६ | विद्यालय भवन | मुड्केचुला-०४ |
| १७ | स्वास्थ्य सेवा ईकाइ | मुड्केचुला-०५ |
| १८ | ५ नं वडा कार्यालय | मुड्केचुला-०५ |
| १९ | विद्यालय भवन | मुड्केचुला-०५ |
| २० | गाउँ कार्यपालिकाको कार्यालय | मुड्केचुला-०६ |
| २१ | आधारभुत स्वास्थ्य सेवा ईकाई | मुड्केचुला-०६ |
| २२ | अपाङ्ग भवन | मुड्केचुला-०६ |
| २३ | पशु,कृषि,शिक्षा,स्वास्थ्य सेवा शाखा | मुड्केचुला-०६ |
| २४ | महिला भवन | मुड्केचुला-०६ |
| २५ | ७ नं वडा कार्यालय | मुड्केचुला-०७ |
| २६ | अन्नपुर्ण मा वि भवन | मुड्केचुला-०७ |
| २७ | हुलाक सेवा केन्द्र | मुड्केचुला-०७ |
| २८ | स्वास्थ्य सेवा केन्द्र | मुड्केचुला-०७ |
| २९ | प्रहरी चौकी,सर्मी | मुड्केचुला-०७ |



CamScanner

| | | |
|---|---|---|
| ३० | सिटिजन बाल विकास केन्द्र | मुड्केचुला-०७ |
| ३१ | श्री रारा आधारभुत विद्यालय | मुड्केचुला-०८ |
| ३२ | श्री कैलाश आ वि | मुड्केचुला-०८ |
| ३३ | ८ नं वडा कार्यालय | मुड्केचुला-०८ |
| ३४ | सामुदायिक स्वास्थ्य इकाई गाडापारी | मुड्केचुला-०८ |
| ३५ | ९ नं वडा कार्यालय | मुड्केचुला-०९ |
| ३६ | श्री चन्दननाथ आ वि | मुड्केचुला-०९ |
| ३७ | श्री आधारभुत स्वास्थ्य सेवा ईकाइ | मुड्केचुला-०९ |
| ३८ | श्री हिमालयन वालविकास केन्द्र | मुड्केचुला-०९ |

**श्रोतः मुड्केचुला गाउँपालिकावाट प्राप्त विवरण**

## ४.३ मानव संसाधन क्षमता विकास

गाउँपालिकाको भूमिकालाई प्रभावकारी रुपमा सम्पादन गर्न विद्यमान मानव संसाधनकोसक्षमता (ज्ञान, सीप र मनोवृत्ति) मा निरन्तर सुधार ल्याउन जरुरी हुन्छ । यस अन्तर्गत स्थानीय सरकारका भूमिका पुरा गर्ने जिम्मेवारीमा रहेको जनशक्ति (निर्वाचित पदाधिकारीहरु, कर्मचारीहरु, स्थानीय सरकारसंग प्रत्यक्ष सम्लग्न भई कार्य गर्ने उपभोक्ता समितिका पदाधिकारीहरु, स्वयंसेवीहरु आदि) को क्षमता विकास पर्दछ । गाउँपालिकाले मानव संसाधन विकासका लागि गरेका प्रयासहरुको विश्लेषणलाई यस अन्तर्गत राखिएको छ । गाउँपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई नेपाल सरकार, प्रदेश सरकार र अन्य विकास साझेदारहरुवाट आपूर्तिमा आधारित विभिन्न तालिमहरु उपलब्ध गराइएका छन् । गाउँपालिकाको आ.व. २०७९।८० को वार्षिक बजेट तथा कार्यक्रममा तालिम, संगठन व्यवस्थापन सर्भेक्षण, राजस्व प्रशासन सुधार तथा कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि ५० लाख वजेट विनियोजन गरेको छ । तथापि, गाउँपालिकाको



CamScanner

परिवर्तित भूमिका अनुसार कार्य सम्पादनका लागि जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकासकोलागि योजनावद्ध रुपमा कार्यक्रमहरु संचालन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## ४.४ गाउपालिकाको समग्र संस्थागत विकासको अवस्था

यस गाउँपालिकाको आफ्नै प्रशासनिक भवनबाट सेवा सूचारु भै रहेकोछ भने केही वडाहरु आ-आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् भने कतिपय वडाहरुले सामुदायिक भवनको घरबाट सेवा दिईरहेका छन्। अन्य भौतिक पूर्वाधार तर्फ आवश्यक फर्निचर, सवारी साधन, कम्प्युटर लगायतका सामग्रीहरुको पर्याप्तता रहेको छ भने जनशक्ति व्यवस्थापन तर्फ स्वीकृत दरवन्दी अनुसारको कर्मचारी कम रहेका छन् । मौजुदा जनशक्तिको क्षमता विकासका केही कार्यक्रमहरु समेत भै रहेका छन् । नीति कानून तर्फ पनि एकल अधिकारक्षेत्रभित्रका ३५ वटा कानून तर्जुमा भई कार्यान्वयमा रहेका छन् । क्षमता विकास योजना तर्जुमा सम्वन्धी कार्यशाला गोष्ठीमा भएको छलफल, कार्यालयको अवलोकन, दस्तावेजहरुको अध्ययन आदीका आधारमा गाउँपालिकाको समग्र संस्थागत विकासको अवस्थालाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६ : गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको अवस्था विश्लेषण**

| सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| **भौतिक श्रोत साधन** | | | |
| ➢ गाउँपालिका तथा वडा कार्यालयहरुको प्रशासनिक | ➢ सबै वडा कार्यालयहरुको आफ्नै भवन नहुनु, | ➢ निर्माण गर्न बाँकी रहेका वडा कार्यालय | ➢ वडा कार्यालयहरुमा सेवाग्राहीको |



CamScanner

| | | | |
|---|---|---|---|
| भवनबाट सेवा सुचारु भई रहेकोछ ।<br>➢ स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीका पनि आ आफ्नै भवन रहेको ।<br>➢ कार्यालयमा अन्य आवश्यक पूर्वाधारहरु रहेका ।<br>➢ तह अनुसार प्राविधिक तथा अन्य कर्मचारीलाई आवश्यक पर्ने सवारी साधन तथा अन्य यान्त्रिक सामग्रीको व्यवस्था गरिएको ।<br>➢ सूचना प्रविधि सम्बन्धी पूर्वाधार जडान भई सेवा सुचारु रहेको । | ➢ वडा कार्यालयहरुमा जडान गरिएका इन्टरनेट सेवाको गुणस्तर कम हुँदा सेवा प्रवाहमा कठिनाई ।<br>➢ आवश्यकता अनुसार फिल्ड जानको लाग सवारी सधानको अभाव । | भवनहरु पर्याप्त कार्यकक्षहरु सहित निर्माण गरी सहज तरिकाले सेवा प्रवाह गर्न सकिने ।<br>➢ स्वास्थ्य चौकीहरुबाट समेत विशेषज्ञीय विज्ञ सहितको सेवा दिन सकिने ।<br>➢ सेवाग्राहीलाई अनलाइन सेवा प्रदान गर्न सकिने । | चाप अनुसार भवन अपुग भएको ।<br>➢ दुई पांग्रे सवारी साधनका लागि अधिकांश कर्मचारीको अपेक्षा रहेकाले सम्वोधन गर्न चुनौती । |
| **ऐन, नियम, विधि र प्रणाली** | | | |
| ➢ आफ्ना एकल अधिकार क्षेत्र अन्तर्गत विभिन्न | ➢ एकल अधिकार अन्तर्गतका कतिपय कानूनहरु बनाउन | ➢ एकल अधिकार क्षेत्रभित्रका आवश्यक कानूनहरु तर्जुमा | ➢ संविधान प्रदत्त अधिकारको |

| | | | |
|---|---|---|---|
| कानून तर्जुमा भई कार्यान्वयन भै रहेका छन्।<br>➢ गाउँसभा र कार्यपालिका बैठकहरु व्यवस्थित तरिकाले संचालन गर्न कार्यविधि वनेको ।<br>➢ विभिन्न समितिको गठन गरी नियमित रुपमा बैठक वस्नु पर्ने व्यवस्था भएको ।<br>➢ सामाजिक सुरक्षा भत्ताको वितरण वैंकिङ्ग प्रणाली मार्फत हुनु ।<br>➢ व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत हुने गरेको ।<br>➢ न्यायिक समिति मार्फत हुने उजुरी दर्ता र फछ्यौंटको व्यवस्थित अभिलेखिकरण हुने | नसकिएको, बनाएका कानूनहरु पनि पूर्ण रुपमा कार्यान्वयन हुन सकेका छैनन्।<br>➢ विषय विज्ञताको अभावमा कतिपय कानूनहरु बनाउन नसकिएको (स्वास्थ्य र वन सम्बन्धी) ।<br>➢ गाउँसभा तथा कार्यपालिकाका वैठकहरु सम्झै व्यवस्थित र कार्यविधि अनुरुप संचालन गर्न नसकिएको ।<br>➢ योजना तर्जुमा तथा प्राथमिकिकरणमा विषयगत समितिहरुको भुमिका अझै प्रभावकारी हुन नसकेको ।<br>➢ आन्तरिक स्रोतको पहिचान र | तथा कार्यान्वयन गरी कानूनी राज्यको प्रत्याभूत दिन सकिने ।<br>➢ विषयविज्ञको सहयोगमा आवश्यक थप कानून बनाई लागू गर्न सकिने ।<br>➢ एकल अधिकारक्षेत्रभित्रका कानून बनाउँदा आफ्नो भुगोल, जनसंख्या, सामाजिक, सांस्कृतिक, आर्थिक अवस्था एवं सामाजिक प्रचलन अनुसारको भावना समेटिने हिसावले बनाउन सकेमा कार्यान्वयनमा सहजता आउने । | कार्यान्वयनमा जनप्रतिनिधिहरुको ज्ञान, सिप, क्षमता र अनुभव अपेक्षित नहुनु ।<br>➢ विगत जस्तै तरिकाले गाउँपालिकाले सेवा प्रवाह गरोस भन्ने आम सेवाग्राहीका भावनाले गर्दा नयाँ कानूनी व्यवस्था लागू गर्न चुनौती । ( जस्तै एकीकृत सम्पत्ति कर, |

| | | | |
|---|---|---|---|
| गरेको साथै वार्षिक प्रगति प्रतिवेदन सभामा छलफल हुने गरेको तोकिए बमोजिमको चरण पूरा गरी वार्षिक योजना तर्जुमा गर्ने गरिएको ।<br>➢ ठूला पूर्वाधारका आयोजनाहरु ई विडिङ्का माध्यमबाट ठेक्का लगाउने गरिएको ।<br>➢ सबै वडावाट अनलाईन व्यक्तिगत घटना दर्ताको शुरुवात भएको । | परिचालनमा राजश्व परामर्श समितिलाई प्रभावकारी रुपमा परिचालन गर्न नसक्नु ।<br>➢ संस्थागत प्रवन्ध, सेवा प्रवाह रवार्षिक विकास कार्यक्रम कार्यान्वयनको अनुगमन सम्वन्धी सफ्टवेयर जडान गर्न नसकिएको । | | घर वहाल करमा सेवाग्राहीको सहभागिता ज्यादै न्यून)<br>➢ ई विडिङ प्रणाली लागू गर्न दक्ष कर्मचारीको अभावले गर्दा समय वढी लाग्ने अवस्था । |
| **जनशक्ति व्यवस्था** | | | |
| ➢ गाउसभावाट दरवन्दी स्वीकृत भई सोही बमोजिम जनशक्ति परिचालित रहेका ।<br>➢ स्वीकृत दरवन्दीमा स्थायी पदपूर्ति नभएका पदमा | ➢ स्वीकृत दरवन्दी भन्दा कम कर्मचारी कार्यरत रहेको।<br>➢ योजना तर्जुमा प्रक्रियामा अपेक्षित रुपमा लक्षित वर्गको सहभागिता र उनीहरुको | ➢ स्थायी नियुक्ति भई आएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन गरी गाउँपालिकामै काम गर्ने वातावरण बनाई सेवा प्रवाह चुस्त वनाउन सकिन्छ । | ➢ जनशक्तीको क्षमता विकासमा चालु खर्चको २% भन्दा पनि कम खर्च भएको । |

| | | | |
|---|---|---|---|
| करार सेवामा कर्मचारी नियुक्त गरी सेवा प्रवाहमा कमि आउन नदिइएको ।<br>➢ योजना कार्यान्वयनमा लक्षित वर्गको समेत सहभागिता रहने गरेको । | मागको सुनुवाई नभएको ।<br>➢ कर्मचारी हरुको आचार संहिता नवनेको । | ➢ लक्षित वर्गको सहभागिताका लागि जनचेतना अभियान सञ्चालन गरी अधिकतम सहभागिता गराई उनीहरुकै माग वमोजिमको योजना छनौट गरी उनीहरुको आर्थिक, सामाजिक स्तर वृद्धि गराउन सकिने । | ➢ करार सेवाबाट लिइने कर्मचारीलाई महत्वपूर्ण जिम्मेवारी दिँदा त्यसबाट हुनसक्ने जोखिमको भरणको अनिश्चिता । |
| **ज्ञान, सीप, दक्षता** | | | |
| ➢ कर्मचारीहरुलाई कार्य विवरण दिइएको<br>➢ आवश्यकता अनुसार शाखाका अध्यक्षतथा अन्य कर्मचारीलाई आवश्यक तालिम दिइएको (आपूर्ति तथा मागमा आधारित)<br>➢ क्षमता विकास | ➢ सवै कर्मचारीलाई कार्यगत विवरणअनुसारको तालिम दिन नसकिएको ।<br>➢ सहायकस्तरका अधिकांश कर्मचारीहरुमा सूचना प्रविधि संम्बन्धी ज्ञान, सीप र अभ्यासमा कमी हुनु । | ➢ क्षमता विकास योजना तर्जुमा गरीजनशक्ति विकास सम्बन्धी विविध तालिम तथा अभिमुखीकरण गरी सवै कर्मचारीहरुलाई उनीहरुको कार्य विवरण अनुसारको काममा दक्ष बनाउन सकिन्छ । | ➢ कुनै विशेष शाखा वा व्यक्तिकालागि मात्र अवसर आईरहने हुँदा सवै शाखाका कर्मचारीलाई आवश्यकता अनुसार समान रुपमा तालिममा सहभागी |

| | | | |
|---|---|---|---|
| सम्बन्धी विभिन्न कार्यक्रमहरु हुने गरेको । | ➢ क्षमता विकास योजना तर्जुमा नभएकाले जनशक्ति विकास सम्वन्धी तालिम कार्यक्रममा कमी । | | गराउन । |

## ४.५ विद्यमान अवस्था र अपेक्षित अवस्था वीचको अन्तराल

तल उल्लेखित क्षमता विकासका विषय क्षेत्रहरुको अधिनमा रही यस गाउँपालिकाको विद्यमान अवस्था विश्लेषण गरी निम्न अनुसारको अन्तराल पहिचान गरिएको छ ।

**तालिका ७ : गाउँपालिकाको विद्यमान अवस्था र अपेक्षित अवस्थाबीचको अन्तराल विशेषण**

| क्षमता विकासका क्षेत्रहरु | अपेक्षित क्षमता | वर्तमान क्षमता स्थिती | क्षमता न्युनता (अन्तराल) |
|---|---|---|---|
| **दीर्घकालीन योजना तर्जुमा ( आवधिक योजना, विषयगत रणनीति योजनाहरु)** | ➢ योजना तर्जुमा सम्बन्धी कार्यविधि तथा मापदण्ड स्वीकृत भएको हुनु पर्ने, ➢ दीर्घकालीन योजनाहरु तर्जुमा भई कार्यान्वयनमा हुनु पर्ने, | ➢ आवधिक/रणनीतिक योजना तर्जुमा नभएको । ➢ यायातायात गुरु योजना, खानेपानी सरसफाई तथा गुरु योजना लगायत अन्य क्षेत्रागत योजना तयार नभएका । | ➢ मौजुदा जनशक्तिवाट गुरुयोजना तर्जुमा गर्न नसकिऐ । ➢ एकल बजेटबावट बाह्य परामर्श सेवाबाट दीर्घकालीन योजना तर्जुमा |

| | | | |
|---|---|---|---|
| | | | गर्न वजेट अभाव । |
| **वार्षिक योजना तर्जुमा** | ➢ कानूनले तोकेको समयमा वार्षिक नीति, वजेट तथा कार्यक्रम स्वीकृत भई कार्यान्वयन भएको हुनु पर्ने,<br>➢ योजना तर्जुमामा सात वटै चरण पूरा भई योजना तर्जुमा गर्नु पर्ने,<br>➢ विषयगत क्षेत्र अनुसार बजेट तथा कार्यक्रम तर्जुमा हुनु पर्ने,<br>➢ योजना तर्जुमामा सबै सरोकारवालाहरुको सहभागिता हुनु पर्ने, | ➢ तोकिएको समयसीमा भित्रै वार्षिक योजना तर्जुमा हुने गरेको,<br>➢ तोकिएको चरण पूरा गरी योजना तर्जुमा गरिएता पनि सबै वडा तथा वस्तीस्तरमा योजना संकलन तथा प्राथमिकीकरण सम्बन्धी छलफल नभएको । | ➢ कानूनले तोकेको समयसीमाभित्र बजेट सिलिङ उपलब्ध नहुनाले समयमै वडामा वजेट सिलिङ पठाउन नसकिएको ।<br>➢ योजना तर्जुमामा लक्षित वर्गका प्रतिनिधिहरुलाई अपेक्षाकृत रुपमा सहभागी गराउन नसकिएको । |
| **गाउँसभाको व्यवस्थापन** | ➢ गाउँ सभा संचालन कार्यविधी तयार भई सोही अनुसार गाउँसभा व्यवस्थित तरिकाले संचालन भएको हुनुपर्ने, | ➢ सामान्यता वर्षको दुई पटक गाउँसभा भएको,<br>➢ गाउँसभा हुनुभन्दा ७ दिन अगावै सबै सदस्यहरुलाई | ➢ अधिकांश जनप्रतिनिधिहरु गाउ सभा सञ्चालन सम्वन्धी कानूनका |

| | | | |
|---|---|---|---|
| | ➢ गाउँ सभा हुनुभन्दा ७ दिन अगावै एजेण्डा सहित सदस्यहरुलाई जानकारी गराउनु पर्ने,<br>➢ वर्षका कम्तीमा पनि दुई पटक सभा वसी आवश्यक नीति नियम, वजेट ता कार्यक्रम र समसामयिक विषयमा छलफल भएको हुनुपर्ने,<br>➢ गाउँसभा सम्पन्न भएको ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई अख्यिारी दिनु पर्ने, | बैठकको ऐजेण्डा सहित पत्र पठाइएको ।<br>➢ गाउँ सभा सम्पन्न भएको ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिइएको । | अपेक्षित रुपमा जानकार नहुनु,<br>➢ सभाका सदस्यहरु नीति, कार्यक्रम र वजेटको अन्तिम रुप दिने कार्यमा सहभागी हुने परिपाटी विकास भैनसकेको। |
| **कार्यपालिका बैठक व्यवस्थापन तथा निर्णय प्रकृया** | ➢ कार्यपालिका बैठक संचालन कार्यविधी तयार भई सोही अनुसार कम्तिमा पनि महिनाको एक पटक कार्यपालिका बैठक वसि | ➢ कार्यपालिका बैठक सदरदर महिनामा एक पटक वस्ने गरेको,<br>➢ निर्णयहरु कार्यान्वयन गर्न कठिन, कार्यपालिकाको निर्णय | ➢ कार्यपालिका बैठकले गरेका निर्णयहरु गाउपालिकाको वेवसाईटका नियमित रुपमा सार्वजनिक हुने |

| | | | |
|---|---|---|---|
| | समसामयिक विषयमा छलफल भई आवश्यक निर्णय हुनु पर्ने,<br>➢ कार्यपालिका बैठकको निर्णय सार्वजनिक गर्नु पर्ने<br>➢ अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवश्था वारे समिक्षा भई आवश्यक सुधारात्मक निर्णयहरु हुनु पर्ने, | वेभ साइटमा नियमित रुपमा राख्ने गरिएको । | गरेको<br>➢ कार्यपालिका बैठक बस्नु अघि ऐजेण्डा सहित सदस्यहरुलाई लिखित पत्र पठाउने चलन शुरु नभएको ।<br>➢ कार्यपालिकाको बैठक अनिवार्य रुपमा महिनाको एक पटक वसाल्ने अभ्यास । |
| **ऐन कानुन तर्जुमा र कार्यान्वयन** | ➢ नेपालको संविधानको अनुसुचि ८ का व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका क्षेत्रहरु तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले परिकल्पना गरे वमोजिमका | ➢ हालसम्म जम्मा ३५ वटा कानून (ऐन, नियमावली, कार्यविधि, निर्देशिका) बनेका,<br>➢ सभा तथा कार्यपालिकावाट प्रकाशित भएका कानूनहरु वेभ साइटमा भएका ।<br>➢ बनेका सबै | ➢ संघ वाट उपलव्ध गराईएका नमुना कानुन र अन्य गरी ३५ वटा कानुनहरु निर्माण भएको भएता पनि अझै स्थानीय आवश्यकता अनुसार |

| | | | |
|---|---|---|---|
| | आवश्यक कानुनहरु निमार्ण भई सोही अनुसार प्रभावकारी सेवा प्रवाह हुनु पर्ने,<br>➢ गाउँसभावाट पास भएका सवै कानुनहरु स्थानीय राजपत्र र पालिकाको वेवसाईटमा प्रकाशन हुनु पर्ने,<br>➢ वनेका ऐन कानुन वारे कार्यपालिका पदाधिकारीहरु, सवै शाखागत कर्मचारीहरु लगायत अन्य सरोकारवालाहरुलाई अभिमुखिकरण भएकोहुनु पर्ने, | कानूनहरुका बारेमा अभिमुखीकरण हुने गाउँपालिकोको ।<br>➢ बनाइएका सवै कानूनहरु कार्यान्वयनमा समस्या । | कतिपय कानूनहरु बनाउन नसकिएको,<br>➢ कानूनहरु निर्माण गर्दा विषय विशेषज्ञलाई संलग्न गाउँपालिकाइने गरेको,<br>➢ कानूनहरु निर्माण गरिएता पनि कार्यान्वयनका लागी आवश्यक संयन्त्र तथा क्षमता विकासका कार्यक्रमहरु नभएको, |
| **न्यायिक समिति गठन तथा कार्य सम्पादन** | ➢ न्यायिक समिति सम्वन्धी कानून निर्माण भएको हुनु पर्ने,<br>➢ न्यायिक समितिको | ➢ न्यायिक समिति ( कार्यविधि सम्वन्धी) ऐन निर्माण भई सोही अनुरुप न्यायिक निरुपण तथा किनारा | ➢ नव निर्वाचित न्यायिक समितिका पदाधिकारी एवं अन्य निर्वाचित |

| | | | |
|---|---|---|---|
| | सचिवालय स्थापना भएकोहुनु पर्ने,<br>➢ न्यायिक समिति सचिवालयमा सहजकर्ताको व्यवस्था भएको हुनु पर्ने,<br>➢ मेलमिलाप केन्द्र स्थापना भई मेलमिलाप कर्ताको व्यवस्था गरिएको हुनु पर्ने,<br>➢ न्यायिक समितिको वार्षिक प्रतिवेदन गाउँपालिका सभामा पेश भई छलफल हुने गरेकोहुनु पर्ने । | लागउने गरिएको ।<br>➢ न्यायिक समितिको सचिवालय स्थापना भएको, पर्याप्त पूर्वाधार नभएको,<br>➢ न्यायिक सहजकर्ताको व्यवस्था र प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना भई क्रियाशील रहेको ।<br>➢ न्यायिक समितिको वार्षिक प्रतिवेदन गाउँपालिका सभामा पेश भई छलफल हुने गरेको। | पदाधिकारीहरुलाई न्यायिक समितिको काम कर्तव्य र अधिकारवारे अभिमुखिकरण गर्नुपर्ने ।<br>➢ न्यायिक समिति सचिवालय र मेलमिलाप केन्द्रका लागि आवश्यक कोठा र फर्निचरको व्यवस्था । |
| **विषयगत समिति तथा उप समितिहरुको गठन तथा परिचालन** | ➢ स्थानीय सरकार संचालन ऐन अनुसारका विभिन्न विषयगत समिति तथा उप समितिहरु गठन भई कृयाशीलरहेका हुनु पर्ने ।<br>➢ समिति, उपसमिति | ➢ राजस्व परामर्श समिति, स्रोत अनुमान समिति, वजेट तर्जुमा समिति, विभिन्न पाँच वटाविषयगत समिति लगायत उपसमितिहरु गठन भएका, | ➢ विभिन्न विषयगत समितिहरु गठन भएका तर अपेक्षाकृत रुपमा सक्रिय नभएका ।<br>➢ वार्षिक योजना तर्जुमाका |



CamScanner

| | | | |
|---|---|---|---|
| | गठन तथा सञ्चालन सम्वन्धी कार्यविधि तयार भएको हुनु पर्ने,<br>➢ योजना तर्जुमा प्रकृयामा विषयगत समिति तथा उप समितिहरुको भुमिका प्रभावकारी रहनु पर्ने,क | ➢ समितिहरुको वैठक वार्षिक योजना तर्जुमाको समयमा मात्र प्रकृया पुरा गर्न वस्ने गरेका, | वेलामा मात्रकृया पुरा गर्न वैठक वस्ने गरेका ।<br>➢ विषयगत समितिका पदाधिकारीहरुका लागि काम, कर्तव्य र अधिकारका वारेमा अभिमुखीकरण गर्नु गर्नु पर्ने । |
| **संगठन तथा व्यवस्थापन विकास** | ➢ गाउँपालिकाको कार्य प्रकृति र सेवा प्रवाहका क्षेत्र अनुसार संगठन तथा व्यवस्थापन विकास सर्वेक्षण गरि संगठन तथा व्यवस्थापन विकास योजना वनेकोहुनु पर्ने,<br>➢ संगठन तथा व्यवस्थापन विकास योजनाले निर्दिष्ट गरे अनुरुपका स्वीकृत | ➢ गाउँपालिकाकोकार्य प्रकृति र सेवा प्रवाहका क्षेत्र अनुसार संगठन तथा व्यवस्थापन विकास सर्वेक्षण गरि संगठन तथा व्यवस्थापन विकास योजना वनेको भएता पनि सो वमोजिम कर्मचारी व्यवस्थापन नभएको (बढी जनशक्ति) । | ➢ गाउँपालिकाको कार्य प्रकृति र सेवा प्रवाहका क्षेत्र अनुसार संगठन तथा व्यवस्थापन विकास सर्वेक्षण पुनरावलोकन गरी संगठन तथा व्यवस्थापन विकास योजना तयार हुन |

| | | | |
|---|---|---|---|
| | दरवन्दी र जनशक्तिको व्यवस्थापन भई प्रत्येक शाखालाई कार्यविवरण उपलब्ध गराईएकोहुनु पर्ने,<br>➢ कार्यविवरणका आधारमा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा प्रमुखहरु वीच कार्य सम्पादन सम्झौता भई सोही आधारमा कार्य सम्पादन मुल्यांकन हुने गरेकोहुनु पर्ने, | ➢ शाखा प्रमुखहरुलाई कार्य विवरण उपलब्ध गराइएको,<br>➢ अध्यक्षर अध्यक्षप्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबीच कार्य सम्पादन सम्झौता नभएको | नसकेको ।<br>➢ सवै कर्मचारीलाई कार्य विवरण उपलब्ध गराउन नसकिएको ।<br>➢ स्वीकृत दरवन्दी भन्दा वढी कर्मचारी कार्यरत रहेको । |
| **वडा कार्यालय तथा स्वास्थ्य चौकी स्थापना र व्यवस्थापन** | ➢ वडा कार्यालय र स्वास्थ्य चौकीहरुका आफ्नै कार्यालय भवन निर्माण भई सोही भवनवाट एकिकृत सेवा प्रभावह भैरहेको हुनु पर्ने,<br>➢ सवै वडामा वडा सचिव र | ➢ केही वडा कार्यालय तथा स्वास्थ्य चौकीहरु आफ्नै भवनवाट संचालित रहेका,<br>➢ सवै वडामा वडा सचिवहरु भएको, अन्य कर्मचारीहरुको पनि व्यवस्थापन भएको, | ➢ आफ्नै भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण ।<br>➢ आवश्यक फर्निचर तथा यान्त्रिक पूर्वाधारको व्यवस्था ।<br>➢ वडा |



CamScanner

| | | | |
|---|---|---|---|
| | आवश्यकता अनुसार सहायक कर्मचारीहरु व्यवस्थापन भएको हुनु पर्ने,<br>➢ कार्यालयमा पानी, विजुली तथा सूचना प्रविधिको सुविधा जडान भएको हुनुपर्ने, | ➢ सबै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा पानी, विजुली तथा सूचना प्रविधि सम्वन्धी उपकरण जडान भएको,<br>➢ अधिकांश वडामा आवश्यक कम्प्युटर, फर्निचर र मोटरसाइकल अभाव रहेको | कार्यालयको सेवालाई अझै व्यवस्थित र छिटोछरितो वनाउन सुचना प्रविधिको गुणस्तर वृद्धि गरी सेवा प्रवाह चुस्त बनाउनु पर्नै, |
| **समाजिक समावेशीकरण तथा निर्णय प्रकृयामा सहभागिता** | ➢ कानून बमोजिम गठन हुने समिति, उपसमिति, उपभोक्ता समिति आदी गठन गर्दा समावेशी हिसावले गठन गर्नु पर्ने,<br>➢ समाजिक समावेशीकरणलाई मुलप्रवाहिकरण गर्न लैंगिक समानता तथा समाजिक समावेशीकरण नीति /रणनीति वनेको | ➢ गठित समिति, उपसमिति, उपभोक्ता समितिमा तोकिए वमोजिम महिला सहभागिता रहेको,<br>➢ लैससास नीति/रणणीति बन्ने वनेको,<br>➢ लैससास सम्पर्क व्यक्ति तोकिएक | ➢ लैङ्गिक वजेट तर्जुमा तथा लैससास परिक्षण गर्नुपर्ने,<br>➢ लैससासवारे कर्मचारी र जनप्रतिनिधी दुवैको क्षमता विकास हुनुपर्ने,<br>➢ लक्षित वर्ग योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी |

| | | | |
|---|---|---|---|
| | हुनु पर्ने, लैससास शाखा तथा फोकल व्यक्ति चयन भएकोहुनु पर्ने,<br>➢ वार्षिक रुपमा लैससास परिक्षण र लैङ्गिक उत्तरदायी वजेट तर्जुमा तथा कार्यान्वयन भएको हुनुपर्ने,<br>➢ योजना तर्जुमाका हरेका चरणहरु र निर्णय प्रकृयामा सहभागितात्मक पद्धती अवलम्वन गरेकोहुनु पन | | कार्यविधि तर्जुमा। |
| **समन्वय, सहकार्य तथा साझेदारी** | ➢ समन्वय, सहकार्य र साझेदारीका लागिग साझा सरोकारका क्षेत्रहरु पहिचान गरिएकोहुनु पर्ने,<br>➢ समन्वय सहकार्य र साझेदारीका लागि रणनैतिक कार्य योजना वनेको र संघ, प्रदेश तथा | ➢ आवश्यकता अनुसार समन्वय, सहकार्य तथा साझेदारी गर्ने गरेको भएता पनि कुनै नीति, रणनीति नवनेको,<br>➢ साझेदारीमा योजना कार्यान्वयनको सुरुवात नभएको, | ➢ समन्वय, सहकार्य र साझेदारीका लागि साझा सरोकारका क्षेत्रहरु पहिचान गरि नियमित रुपमा समन्वय सहकार्य तथा साझेदारिताको |

| | | | |
|---|---|---|---|
| | अन्य स्थानीय तहहरुसंग कार्यगत सम्वन्ध स्थापना भएको हुनु पर्ने,<br>➢ साझेदारीमा योजना संचालन भएको हुनु पर्ने, | | विकास गर्नु पर्ने ।<br>➢ समन्वय सहकार्य र साझेदारिका लागि रणनैतिक कार्ययोजना नवनेकोले आवश्यक रणनैतिक कार्य योजना वनाएर सोही अनुरुप सम्वन्ध स्थापित गर्दै जाने,<br>➢ अन्तरस्थानीय तह सहकार्यको सुरुवात गर्नु पर्ने, |
| **अनुगमन तथा मूल्याङ्कन** | ➢ सुपरीवेक्षण तथा अनुगमन समिति गठन भई क्रियाशील भएको हुनु पर्ने,<br>➢ हरेक विकास निर्माणका कामहरुको नियमित अनुगमन हुने गरेकोहुनु पर्ने, | ➢ उपाध्यक्षज्यूको संयोजकत्वमा अनुगमन समिति वनेको र योजना फफारक पुर्व अनुगमन समितिको प्रतिवेदन अनिवार्य गरिएको । | ➢ अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने र आवश्यक सुधारात्मक कदमहरु चाल्ने परिपाटीको |



CamScanner

| | | | |
|---|---|---|---|
| | ➢ अनुगमन समितिको प्रतिवेदन उपर कार्यपालिका वैठकमा छलफल हुनेगरेको हुनु पर्ने, | ➢ वडास्तरमा वडा अध्यक्ष्ज्यूको संयोजकत्वमा गठित अनुगमन समिति क्रियाशीलरहेको । | विकास हुनुपनअनुगमन समितिका पदाधिकारी हरुको क्षमता विकास गर्नुपर्ने, ➢ नतिजामा आधारित अनुगमन प्रणालीको विकासहुनु पर्ने । |

# परिच्छेद : पाँच

# क्षमता विकास योजनाको अपेक्षित नतिजा

## ५.१ क्षमता विकास योजनाको अपेक्षित नतिजा

क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन भएपछि गाउँपालिकाबाट संचालन हुने सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि एवं प्रणालीको प्रयोग एवं अनुशरण भई नतिजामुखी प्रशासन संचालन भएको हुनेछ । यस क्षमता विकास योजना तर्जुमा तथा कार्यान्वयनबाट निम्न प्रतिफलको अपेक्षा गरिएको छ :

- ♣ संगठनात्मक संरचनामा देखिएको क्षमता अन्तराल पत्ता लगाई गाउँपालिकाले मानवीय संसाधन विकासको अवसर प्राप्त गर्नेछ ।
- ♣ कर्मचारीको रुची, चाहना तथा कार्यसम्पादनको स्तर एवं क्षेत्रलाई सम्वोधन गर्ने गरी क्षमता विकास कार्यक्रम कार्यान्वयनको आधार तयार हुनेछ ।
- ♣ मानव संसाधन विकासको प्राथमिकता निर्धारण गरी सो क्षेत्रमा उपलव्ध श्रोत विनियोजन गर्नका लागि ३ वर्षे क्षमता विकास कार्ययोजना ।आधार हुनेछ ।
- ♣ माग र आपूर्तिको आधारमा क्षमता विकास कार्ययोजनालाई वर्गिकरण गरी श्रोत साधन जुटाउन उपयुक्त अवसर प्राप्त हुनेछ ।
- ♣ मुलुकमा संघीयता कार्यान्वयनका लागि स्थानीय स्तरबाट हुने योगदान गर्न गाउँपालिका सक्षम हुनेछ ।
- ♣ गाउँपालिकाको क्षमता विकासको साथै समुदाय र सरोकारवालहरुलाई उनीहरुको कार्य सम्पादन स्तरमा समेत वृद्धि हुने अवसर प्राप्त हुनेछ ।

- गाउँपालिकाको समग्र सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता तथा शुसाशन स्थापित गर्न मदत मिल्ने अपेक्षा लिईएकोछ।

## ५.२ प्रतिफल तथा सूचकहरु

मुड्केचुला गाउँपालिकाको क्षमता विकास योजनाको उद्देश्य, लक्ष्य तथा रणनीतिबाट निम्नलिखित ६ वटा मुख्य प्रतिफलको आशा गरिएको छ । प्रतिफल तथा सूचक निम्न अनुसार रहेकाछन् ।

**प्रतिफल :१**

गाउँपालिकाले संचालन गर्ने विकास कार्यहरु दिगो र सामाजिक समावेशी बन्न शुरु भएका हुनेछन् ।

**सूचकहरु :**

- आवधिक विकास योजना निर्माण भएको हुने ।
- विकास कार्यमा सामाजिक रुपले गरिव, विपन्न हरु लगायत महिला, दलित तथा जनजातीहरुको सहभागितामा वृद्धि भएको हुने ।
- गाउँपालिकाले वार्षिक योजनाका साथ साथै कार्ययोजना निर्माण गरि विकास कार्य संचालन गरेको हुनेछ ।
- गाउँपालिकाका कर्मचारीहरु, उपभोक्ता समितिहरु र प्राविधिक शाखाका कर्मचारीहरु गरि कम्तिमा २० जनाले योजना कार्यान्वयन क्षमता वढाउन आवश्यक तालिम प्राप्त गरेका हुनेछन्
- योजनाको दिगोपनाका लागि गाउँपालिकाले मर्मत सम्भार कोष संचालन सम्वन्धी नीति तयार गरेको हुने ।

- अनुगमन मूल्यांकन प्रणालीको स्थापना भएको हुने ।
- गाउँपालिकामा संचालन हुने सबै भौतिक पूर्वाधार योजनाहरुकोसार्वजनिक परिक्षण भएको हुने
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति पारित भएको हुने
- गाउँपालिकाले संचालन गरेका ठूला योजनाहरुको प्रभाव मूल्यांकन भएको हुने ।

**प्रतिफल २**

गाउँपालिकाको संगठन व्यवस्थापनमा क्षमता सुदृढ हुनका साथै कर्मचारीहरुको कार्यसम्पादन क्षमतामा अभिवृद्धि भएको हुनेछ ।

**सूचकहरु :**

- गाउँपालिकामा नीतिगत रुपमा संचालन हुनुपर्ने समितिहरुको गठन र परिचालनका निर्देशिका बनेको हुने ।
- अन्तर समिति समन्वय वैठकहरु नियमित रुपमा संचालन भएको हुने ।
- कर्मचारीहरुको कार्यविवरणमा तयारी तथा पुनरावलोकन भएको हुने ।
- कर्मचारी आचार संहिता तयार भइ लागु भएको हुने ।
- कार्यसम्पादन मूल्यांकनको आधारमा कर्मचारीहरु र उपभोक्ता समितिहरु पुरस्कृत भएको हुने ।
- क्षमता विकास योजनालाई एकिकृत रुपमा संचालन गर्न गाउँपालिकामा मानव संशाधन विकास इकाई तथा क्षमता विकास कोषको स्थापना भएको हुने ।
- गाउँपालिकाको सांगठनिक संरचनाको पुनरावलोकन भएको हुनेछ ।

**प्रतिफल ३**

गाउँपालिकाको वित्तीय व्यवस्थापनमा सुधार भई आन्तरिक आयमा वृद्धि भएको हुनेछ ।

**सूचकहरु :**

- राजस्व परिचालन नीति निर्माण भएको हुने ।
- खर्च व्यवस्थापन कार्यविधीको निर्माण भई कम्प्युटर प्रणालीबाट लेखा व्यवस्थापन भएको हुने ।
- वार्षिक खरिद योजना तयार भई सोही योजना मुताविब खरिद कार्य भएको हुने ।
- गाउँपालिकाको आन्तरिक आयमा २५ प्रतिशतले वृद्धि भएको हुने ।

**प्रतिफल ४**

गाउँपालिकाले सूचना प्रणाली व्यवस्थित गरि कार्यसम्पादन तथा सेवा प्रवाहमा सुधार ल्याएको हुनेछ ।

**सूचकहरु :**

- गाउँपालिका पार्श्वचित्र प्रकाशन भएको हुने ।
- गाउँपालिका विकास योजनामा भूसूचना प्रणाली लागु भएको हुने ।
- समयमा नै व्यक्तिगत घटना दर्ता गर्ने सर्वसाधारणको संख्यामा वृद्धि भएको हुने ।
- गाउँपालिकाको अभिलेख प्रणालीलाई कम्प्युटरिकृत गरिएको हुने ।

- हरेक शाखाहरुमा इन्टरकम र नेटवर्कीग भएको हुने । गाउँपालिकाको वेवसाईट निर्माण तथा अद्यावधिक भएको हुने
- गाउँपालिकाले स्थानीय पत्रपत्रिका तथा सामुदायिक रेडियोहरुमार्फत गतिविधिहरु नियमित रुपमा सार्वजनिक गरेको हुने ।
- सेवाग्राहीले गाउँपालिकाबाट चाहेको सेवा सहजतरिकाले प्राप्त गरेको हुने ।

**प्रतिफल ५**

गाउँपालिकाको वातावरण व्यवस्थापन क्षमतामा वृद्धि भएको हुनेछ ।

**सूचकहरु :**

- ग्रामिण वातावरण सुधार सम्वन्धी आन्तरिक नीति तथा कार्यविधी तयार भएको हुनेछ ।
- ग्रामिण वातावरण सुधार योजना तर्जुमा भएको हुने ।
- फोहर मैला व्यवस्थापन सम्वन्धी नियमित तालिम उपलब्ध गराइएको हुने ।
- स्थानिय साना तथा मझैला प्रकृतिका व्यवसायलाई सुरक्षित बनाउन व्यवसायीहरुलाई समेत तालिम उपलब्ध गराइएको हुने ।
- स्थानीय स्तरमा जोखिम व्यवस्थापन गर्नका लागि जोखिम व्यवस्थापन सम्वन्धी संयन्त्रहरु स्थापित गरि सो को क्षमता विकास गरिएको हुने ।

**प्रतिफल ६**

गाउँपालिकाको क्षमता विकासका लागि सरोकारवालाहरुसँग समन्वय र साझेदारी विकास भएको हुनेछ ।

**सूचकहरु :**

- ♣ गाउँपालिका क्षमता विकास योजना कार्यान्वयन गर्न जिल्लामा संचालन भएका विभिन्न परियोजनाहरुबाट सहयोग भएको हुने ।
- ♣ टोल वस्ती संगठन तथा उपभोक्ता समूहहरु परिचालनका लागि गाउँपालिकाले नीति तयार गरेको हुने ।
- ♣ गैससहरुसँग समन्वय वढाउन गैसस समन्वय समिति गठन गरिएको हुने ।
- ♣ गाउँपालिकाले उपभोक्ता समिति परिचालनका लागि कार्यविधी निर्माण गरेको हुने
- ♣ महिला स्वास्थ्य स्वयंसेवीका र मध्यस्थ सेवा संचालन गर्न कार्यविधी तयार भएको हुने ।
- ♣ निजी क्षेत्रसँग सहकार्य वढाउनका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम संचालन कार्यविधि तयार गरेको हुने ।
- ♣ सार्वजनिक निजी साझेदारी क्षेत्र पहिचानका लागि अध्ययन गरिएको हुने ।

## ५.३ क्षमता विकास योजनाको आवश्यकता विश्लेषण

यस गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा गर्ने सिलसिलामा भएको कार्यशाला, समूहगत छलफल, व्यक्तिगत अन्तरवार्ता, मेटा कार्ड मार्फत अपेक्षा संकलन आदीका आधारमा जनप्रतिनिधिस्तर, समिति तथा उपसमितिका पदाधिकारी एवं कर्मचारीस्तरको क्षमता विकास आवश्यकता विश्लेषण गर्ने प्रयास गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र १२ मा क्रमशः गाउँपालिका र वडाको काम, कर्तव्य र अधिकारको विषयका अतिरिक्त अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु तथा अन्य शाखागत



CamScanner

कर्मचारीहरुको काम, कर्तव्य रअधिकारको विषयमा केन्द्रीत भई सुक्ष्म रुपमा विश्लेषण गर्ने प्रयास गरिएको छ । कार्य विवरण सहितको आवश्यकता विश्लेषण प्रस्तुत गर्दा लामो हुने भएकाले यसको नतिजालाई संक्षिप्त रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

### ५.३.१ जनप्रतिनिधि स्तर

जननिर्वाचित प्रतिनिधि (गाउँसभा, कार्यपालिका तथा वडा समिति सदस्य) हरुका लागि पहिचान गरिएका क्षमता विकास सम्बन्धि क्षेत्रहरु (तालिम तथा अभिमुखिकरण)

- ♣ स्थानीय सरकार संचालन ऐन २०७४, जारी हुने स्थानीय तह सम्वन्धी अन्य ऐनहरु र नेपालको संविधान २०७२ का विषयवस्तु सहाल सम्म वनेका ऐन तथा कानुनहरु
- ♣ योजना तर्जुमा तथा बजेट विनियोजन पद्धती सश्रोत पहिचान तथा अनुदान परिचालन सम्वन्धि वर्तमान व्यवस्था सआर्थिक तथा प्रशासनिक व्यवस्थापन
- ♣ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, लैंगिक उत्तरदायि वजेटको अवधारणा सवालमैत्रि स्थानीय शासन अवधारणा सवातावरणमैत्री तथा पुर्ण सरसफाई सम्वन्धि अवधारणा
- ♣ नेतृत्व विकास तथा सिकाई भ्रमण ससमन्वय ,सहकार्य र साझेदारी विकास
- ♣ उपभोक्ता समिति गठन तथा परिचालन सम्वन्धि व्यवस्था ससामुदायिक मेलमिलाप तथा द्धन्द्ध व्यवस्थापन

### ५.३.२ समिति तथा उप(समिति गठन,परिचालन र कृयाशिलता



CamScanner

- ♣ विषयगत समिति गठन तथा परिचालन सविषयगत समितिको काम कर्तव्य अधिकार सम्वन्धि अभिमुखिरण,
- ♣ राजश्व परामर्श समिति र श्रोत अनुमान समितिको सुदृढिकरण (तालिम तथा अभिमुखिकरण)
- ♣ न्यायिक समितिको काम कर्तव्य अधिकार, कार्यसम्पादन तथा कानुनी प्रकृया वारे अभिमुखिकरण

### ५.३.३ कर्मचारी स्तर

क) <u>व्यवस्थापकीय क्षमता विकासका लागि आवश्यक तालिम तथा अभिमुखिकरण आधारभुत :</u>

सेवाकालिन तथा विषयगत क्षेत्र अनुसारको तालिम, स्थानीय सरकार संचालन ऐन २०७४ वारे अभिमुखिकरण, गाउँपालिका स्वयंले तयारी गरि लागु भएका कानूनहरु, स्थानीय तह सम्वन्धि ऐनहरु र नेपालको संविधान २०७२ का विषयवस्तु, स्थानीय तहको सु-शासन व्यवस्थापन,श्रोत पहिचान तथा अनुदान परिचालन सम्वन्धि वर्तमान व्यवस्था, आर्थिक तथा प्रशासनिक व्यवस्थापन, सामुदायिक मेलमिलाप तथा द्वन्द्व व्यवस्थापन, लैगिंक समानता तथा सामाजिक समावेशिकरण, लैंगिक उत्तरदायि वजेटको अवधारणा,वालमैत्रि स्थानीय शासन अवधारणा,वातावरणमैत्री तथा पूर्णसरसफाई सम्वन्धि अवधारणा, योजना तर्जुमा, योजना प्राथमिकीकरण र श्रोत परिचालन,कार्यालय व्यवस्थाथपन, अनुगमन मुल्याङ्कन, योजनाको प्रभाव मूल्याङ्कन, फोहरमैला व्यवस्थापन, वातावरण व्यवस्थापन, समन्वय र साझेदारी विकास ।



CamScanner

**ख) ज्ञानवर्द्धक तालिम :**

स्थानीय तह शासन संचालन तथा व्यवस्थापन सम्वन्धि र नेपालको संविधानमा भएको स्थानीय तह सम्वन्धि व्यवस्था, सुशासन प्रवर्धन,सार्वजनिक लेखा परिक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण,सामाजिक समावेशि विकास, मानव संशाधन विकास/व्यवस्थापन, सकारात्मक सोंच

**ग) वित्तिय व्यवस्थापन सम्बन्धि तालिमः**

स्थानीय तहको वजेट तर्जुमा, स्थानीय तहको आन्तरिक लेखा परिक्षणस, स्थानीय तहको वित्तिय व्यवस्थापन, राजश्व परिचालन, जिन्सि तथा सम्पत्ति व्यवस्थापन, सार्वजनिक खरिद ऐन तथा व्यवस्थापन

**घ) सूचना व्यवस्थापन, प्राविधिक सिप/सूचना प्रविधि, लाइब्रेरी व्यवस्थापन (ई लाइब्रेरी समेत):**

व्यक्तिगत घटना दर्ता तथा पंजिकरण व्यवस्थापन(अनलाईन व्यक्तिगत घटना दर्ता समेत),भौगोलिक सूचना प्रणाली, वाह्‌य सम्वन्ध एवं संचार


**ङ) अन्य तालिम :**

अग्नी नियन्त्रण,सामाजिक सुरक्षा कार्यक्रम, लैससास र लैगिंक उत्तरदायी वजेट, भवन आचारसंहिता तथा निर्माण सम्वन्धि मापदण्ड, प्रस्तावना तथा प्रतिवेदन लेखन, सार्वजनिक नीजि साझेदारी कार्यविधि आदी ।


## ५.४ संस्थागत स्वमुल्यांकनमा कमजोर कार्यसम्पादन देखिएका क्षेत्रहरुको विश्लेषण


स्थानीय तह संस्थागत क्षमता स्वमूल्याँकनका विषय क्षेत्र अनुसार यस गाउँपालिकाको आ.व.२०८१/०८२ को संस्थागत स्वमुल्यांकनका १० वटा विषय क्षेत्र


अनुसार प्राप्त गरेको प्राप्तांक ८९.५ प्रतिशत रहेको छ, जुन उत्कृष्ट समूहमा पर्दछ। यसका बावजुद पनि कतिपय विषय क्षेत्रहरुका सूचकमा सुधारको आवश्यकता




देखिन्छ । विषय क्षेत्र अनुसार स्वमुंल्यांकनमा प्राप्त अंक प्रतिशत निम्न अनुसार प्रस्तुत गरिएको छ।




१००%
रिपोर्ट टेबल



| | | | |
|---|---|---|---|
| ७७ | राष्ट्रिय भवनसंहिता र मापदण्ड (स्थाससंऐन, २०७को दफा ४को उपदफा १) | १.०० | १ |
| ७८ | सडकको विस्तार (स्थाससंऐन, २०७को दफा १को उपदफाको ट १,५) | १.०० | १ |
| ७९ | सडकको स्तर उन्नति (स्थाससंऐन, २०७को दफा १को उपदफाको ट १,५) | १.०० | १ |
| ८० | खानेपानी सेवा विस्तार (स्थाससंऐन, २०७को दफा १को उपदफाको ध १, सोही दफाको उपदफाको ग २, दफा १को उपदफाको ग १०) | १.०० | १ |
| ८१ | वार्षिक योजनाको कार्यान्वयन स्थिति (स्थाससंऐन, २०७को दफा ७को उपदफाको विवरणमा चालु आ | १.०० | ०.५ |
| ८२ | फोहोर मैला व्यवस्थापन (स्थाससंऐन, २०७को दफा १को उपदफाको ग ११) | १.०० | १ |
| ८३ | औद्योगिक पूर्वाधार (स्थाससंऐन, २०७को दफा ११) | १.०० | ० |
| ८४ | सामाजिक समावेशीकरण | १० | ८.५ |
| ८५ | सामाजिक विभेदको न्यूनीकरण (संविधानको धारा १८, समानताको हक) | १.०० | १ |
| ८६ | समानुपातिक सहभागिता (स्थाससंऐन, २०७को दफा १११) | १.०० | १ |
| ८७ | सामाजिक सुरक्षा तथा संरक्षण (स्थाससंऐन, २०७को दफा १३उपदफात) | १.०० | १ |
| ८८ | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान (स्थाससंऐन, २०७को दफा १३उपदफाको ग ३०) | १.०० | ०.५ |
| ८९ | बालश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथासँग सम्बन्धित कार्यहरु (स्थाससंऐन, २०७को दफा १३उपदफाको ग ३०) | १.०० | १ |
| ९० | लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GESI Audit) (स्थाससंऐन, २०७को दफा २उपदफा को छ) | १.०० | १ |
| ९१ | महिला विरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी (अघिल्लो आ | १.०० | १ |
| ९२ | बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा लगानी (सशर्त अनुदान बाहेक बाँकी बजेटको) | १.०० | १ |
| ९३ | महिला/दलित/अपाङ्गता भएका व्यक्ति संयोजक/ अध्यक्ष भएको उपभोक्ता समितिहरुको सङ्ख्या (कूल गठीत उपभोक्ता समितिको) | १.०० | ० |
| ९४ | आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी (सशर्त अनुदान बाहेक बाँकी बजेटको) | १.०० | १ |

| | | | |
|---|---|---|---|
| ९५ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ५ | ६ |
| ९६ | विपद् व्यवस्थापन (स्थासंऐन, २०७४को दफा ११उपदफाको म) | १.०० | १ |
| ९७ | वातावरणीय प्रदूषण नियन्त्रण (जल, भूमि, ध्वनी, वायु र स्वास) (स्थासंऐन, २०७४को दफा ११उपदफा को [illegible] १,२१ २६) | १.०० | ०.५ |
| ९८ | वातावरणमैत्री पूर्वाधार | १.०० | ० |
| ९९ | विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन (स्थासंऐन, २०७४को दफा ११उपदफाको ग [illegible]) | १.०० | १ |
| १०० | वातावरणीय क्षेत्र प्राथमिकता बजेट विनियोजन | १.०० | १ |
| १०१ | वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै | १.०० | ० |
| १०२ | स्थानीय विपद् व्यवस्थापन कोषमा बजेट विनियोजन र खर्च (वार्षिक रुपमा) | १.०० | १ |

श्रोतः मुड्केचुला गाउँपालिका

## परिच्छेद : छ

### ६.१ संविधान प्रदत्त अधिकार र कार्यसम्पादन अवस्थाको संक्षिप्त विश्लेषण

मुड्केचुला गाउँपालिकामा संविधान प्रदत्त स्थानीय सरकारका अधिकारहरुको कार्यान्वयनको संक्षिप्त विश्लेषण निम्न अनुसार रहेको छ ।

**तालिका ७ : संविधान प्रदत्त स्थानीय सरकारका अधिकारहरुको कार्यान्वयनको विश्लेषण**

| अधिकारका क्षेत्रहरु | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकासका कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|
| गाउँपालिका प्रहरी | • गाउँपालिका प्रहरी सम्वन्धी नीति तथा कानुन भएको ।<br>• गाउँपालिका प्रहरीको व्यवस्था नभएको | | गाउँपालिका प्रहरी सम्वन्धी ऐन नियम तर्जुमा भई स्थायी रुपमा भर्ना प्रक्रिया वढाउनु पर्ने । | प्रणालीगत |
| सहकारी संस्था | • सहकारी ऐन वनेको, कर्मचारी तोकिएको।<br>• सहकारी संस्थाहरुको व्यवस्थापन, परिचालन, अनुगमन र नियमनमा उल्लेख्य कार्य नभएको । | सहकारी संस्थाहरुको व्यवस्थापन, परिचालन, अनुगमन र नियमन गर्ने ज्ञान र सिपको कमी । | सहकारी संस्थाको अनुगमन तथा नियमनका लागि ज्ञान र सीप विकास तालिम । | प्रणालीगत<br>मानव संशाधन |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| एफ. एम सञ्चालन | एफ. एम सञ्चालन तथा व्यवस्थापन कार्यविधि वनेको | अन्तराल नदेखिएको । | | |
| स्थानीय कर | सबै किसिमका करहरुको दायरा र दर कायम गरिएको । | पक्षेपण गरिए अनुरुप आन्तरिक आय उठन नसकेको । | • राजस्व सुधार कार्य योजना तर्जुमा<br>• कर्मचारी परिचालन गरी सम्पत्ति कर, व्यवसाय कर वहाल कर उठाउने सम्वन्धी नीतिगत निर्णय । | प्रणालीगत |
| स्थानीय सेवाको व्यवस्थापन | स्थानीय सेवाको व्यवस्थापन भै रहेको । | मापदण्ड तयार नभएको र | स्थानीय सेवाको व्यवस्थापन सम्वन्धी मापदण्ड तयारी । | प्रणालीगत |
| स्थानीय तथ्यांक र अभिलेख संकलन | गाउँपालिका पार्श्वचित्र तयार भएको । | गाउँपालिका पार्श्वचित्र अद्यावधिक नभएको । | गाउँपालिका पार्श्वचित्र अद्यावधिक गरी खण्डिकृत तथ्याँक समेत व्यवस्थित गर्ने । | प्रणालीगत |
| आधारभूत र माध्यमिक शिक्षा | शिक्षा नियमावली वनेको । | • शैक्षिक गुणस्तर सुधारको लागि शिक्षकहरुलाई तालिम दिन नसकिएको। • शिक्षा सुधार योजना नवनेको । | • शिक्षा सुधार सम्वन्धि योजना निर्माण र कार्यान्वयन ।<br>• गुणस्तरीय शिक्षाको अवधारणा र प्रकृयाको अभिमुखिकरण ।<br>• वि.व्य.स. र शिक्षकलाई क्षमता विकासका तालिम | शिक्षा नियमावली बनेको। • शैक्षिक गुणस्तर सुधारको लागि शिक्षकहरुलाई। • मानबसंसाधन<br>संस्थागत |

| | | | | |
|---|---|---|---|---|
| | | | मानवसंसाधन संस्थागत | |
| आधारभूत स्वास्थ्य र सरसफाइ | ऐन बनेर आवश्यक कार्यहरु भईरहेको । | महिला स्वास्थ्य स्वयं सेविकाको सेवा शर्त सम्वन्धी मापदण्ड नवनेको । | महिला स्वास्थ्य स्वयं सेविकाको सेवा शर्त सम्वन्धी मापदण्ड तर्जुमा | संस्थागत |
| स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | बजार अनुगमन कार्यविधि बनेको | वातावरण संरक्षण र जैविक विविधताको क्षेत्रमा काम नभएको । | वातावरण संरक्षण र जैविक विविधता संरक्षण सम्वन्धी कानून तर्जुमा । | संस्थागत |
| स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ | नियमित कार्यहरु भईरहेको । | स्रोतको सीमितताले स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ सुविधा विकासको लागि उल्लेख्य काम हुन नसकेको । स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ सुविधाको विकासको लागि आवश्यक बजेट र प्राथमिकीकरण । | स्रोतको सीमितताले स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ सुविधा विकासको लागि उल्लेख्य काम हुन नसकेको । स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ सुविधाको विकासको लागि आवश्यक बजेट र प्राथमिकीकरण । | संस्थागत |
| गाउँ सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको | गाउँपालिका सभा संचालन कार्यविधि वमोजिम संचालन भईरहेको । स्थानीय अदालत, | अन्तराल नदेखिएको । | | |

| | | | | |
|---|---|---|---|---|
| व्यवस्थापन | मेलमिलाप र मध्यस्थताको व्यवस्था भएको । | | | |
| स्थानीय अभिलेख व्यवस्थापन | • स्थानीय अभिलेखको लागि नीति र मापदण्डको तर्जुमा गरी सूचना केन्द्र नभएको । • सार्वजनिक सम्पत्तिको ढाँचागत अभिलेख नभएको । | • स्थानीय अभिलेखको लागि नीति र मापदण्ड नभएको । • नवीनतम प्रविधिको आधारमा सम्पन्न योजना तथा सार्वजनिक सम्पत्तिको ढाँचागत रुपमा अभिलेख | • स्थानीय अभिलेखको लागि नीति र मापदण्डको तर्जुमा | प्रणालीगत |
| कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकार | बनेको | अन्तराल नभएको | | |
| ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन | जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरिएको | अन्तराल नभएको | • जेष्ठ नागरिक लगायतको लागि आश्रय केन्द्रको स्थापना संस्थागत | संस्थागत |
| वेरोजगारको तथ्यांक संकलन | अपेक्षित कार्य नभएको | प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि मात्र वेरोगारको तथ्याँक लिने गरिएको । | • वेरोजगारको खण्डिकृत तथ्यांक संकलन र व्यवस्थापन • रोजगारीबाट फर्किएकाको ज्ञान, सीप र उद्यमशिलता | सस्थागत |

| | | | | |
|---|---|---|---|---|
| | | | को उपयोग सम्बन्धी कार्यविधि | |
| कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण | संघिय कानुन बमोजिम | नभएको | | |
| खानेपानी, साना जलविद्युत आयोजना, | खानेपानी आयोजना र सौर्य वत्ति जडान सम्बन्धी कार्य भै रहेको । | खानेपानी तथा सरसफाई स्वच्छता रणनीति/कार्य योजनाको अभावमा खानेपानी वितरणमा असहजता । | खानेपानी तथा सरसफाई स्वच्छता रणनीति/कार्य योजना तर्जुमा । | संस्थागत |
| विपद व्यवस्थापन | विपद्व्यवस्था ऐन तयार भएको । उद्दार राहतका कार्यहरु भै रहेका | विपद्व्यवस्थापनका लागि दक्ष जनशक्ति र औजारहरुको अभाव | विपद्व्यवस्थापनका लागि दक्ष जनशक्ति उत्पादन र सामग्री व्यवस्थापन | संस्थागत |
| जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | संघीय कानून बमोजिम हुने | आफ्नै कानून नहुँदा यी विषयहरुमा गाउँपालिकाको खासै भूमिका नदेखिएको । | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ संरक्षण सम्बन्धी नीति, कानून तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने । | संस्थागत |
| भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | गाउँपालिकाको छुट्टै कानून तर्जुमा भएको। भाषा | संस्कृति र ललितकलाको संरक्षण र विकासमा खासै उपलब्धिमूलक काम हुन नसकेको भाषा | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी नीति, कानून तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने । | संस्थागत |

## ६.२ क्षमता विकास योजनाका प्राथमिकताहरु

क्षमता विकास योजना तर्जुमा र कार्यान्वयनको उद्देश्य संस्थागत तथा मानव संशाधन विकासको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पनि एउटा मुख्य उद्देश्य हो । यसरी क्षमता विकास योजना तर्जुमा गर्दा कुन क्षेत्रमा विद्यामान क्षमताको अन्तराल बढी छ त्यस विषयलाई प्राथमिकता दिई क्षमता विकास योजना तर्जुमा गर्न सकियो भने यसको कार्यान्वयन मार्फत लक्ष्यमा पुग्न सकिन्छ भन्ने अभिप्रायले गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा गर्ने क्रममा गाउँपालिकामा भएको कार्यशाला गोष्ठी, पदाधिकारी तथा कर्मचारीहरुसँग भएको छलफल, सरोकारवालाहरुसँगको छलफल, विगतका वर्षहरुमा भएको क्षमता विकास सम्वन्धी गतिविधिहरुको विश्लेषण तथा सन्दर्भ सामग्रीहरुको अध्ययन तथा विश्लेषणबाट निम्नानुसारको क्षमता विकास प्राथमिकताका विषयहरुलाई ध्यान दिनु पर्ने देखिन्छ ।

### ६.२.१ निर्वाचित पदाधिकारी

स्थानीय तहको हालै सम्पन्न दोस्रो निर्वाचनवाट निर्वाचित जनप्रतिनिधीहरुको क्षमता विकासबाटै स्थानीय तहको सेवा प्रवाह र सुशासन प्रवर्द्धन गर्न सकिने कुरामा दुईमत नहोला । जसका लागि तालिम तथा शीप अभिबृद्धि, आवश्यक नीति तथा कानून निर्माण र कार्यान्वयन, अवलोकन तथा अन्तरक्रिया, सूचना प्रविधिमैत्री कार्य प्रणाली लगायतका विषयवस्तुमा आधारित भएर निम्न अनुसारका क्षमता विकासका प्रामिकताहरु निर्धारण गरिएका छन् ।



CamScanner

**तलिका ८ : क्षमता विकास कार्यक्रमका प्राथमिकताहरु**

| क्र.स. | प्राथमिकताका क्षेत्रहरु |
|---|---|
| १ | जनप्रतिनिधिहरुको काम, कर्तव्य र अधिकार सम्वन्धि अभिमुखिकरण/तालिम |
| २ | सेवाप्रबाह, सुशासन, नेतृत्व विकास लगायत व्यबस्थापनका नविनतम्आयाम सम्वन्धी अभिमुखिकरण/प्रशिक्षण । |
| ३ | सहभागितात्मक योजना तर्जुमा (अर्थपुर्ण जनसहभागिता, पहिचान, प्राथमिकिकरण, श्रोत व्यवस्थाप) तालिम । |
| ४ | योजनाको कार्यान्वयनमा गुणस्तर परिक्षण विधि र सिप विकास सम्वन्धी आधारभूत तालिम । |
| ५ | संचार र समन्वय ज्ञान र सिप विकास तालिम । |
| ६ | संयोजन, सहजीकरण र समझदारी निर्माण अवधारणा सम्वन्धमा अभिमुखिकरण/तालीम । |
| ७ | न्याय निरुपण सम्वन्धि ज्ञान र सिप अभिबृद्धि कार्यक्रम । |
| ८ | कानुन निर्माण सम्वन्धी बिस्तृत ज्ञान । |
| ९ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी अभिमुखिकरण |
| १० | दिगो विकास लक्ष स्थानीयकरण सम्वन्धि अभिमुखिकरण । |

### ६.२.२ समिति तथा उप समिति गठन ,परिचालन र कृयाशिलता

स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए वमोजिमका विभिन्न विषयगत समितिहरुको गठन र परिचालनबाटै गाउँपालिकाको समग्र सेवा प्रवाहलाई व्यवस्थित र प्रकृयागत वनाउन सकिने भएकाले ऐनमा व्यवस्था भए वमोजिमका समिति, उपसमितिहरुलाई गठन, परिचालन र कृयाशीलताका लागि आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरि कार्यान्वयनमा ल्याउन जरुरी छ यसर्थ सवै भन्दा पहिले आवश्यक कानुनहरुको निर्माण तथा समयानुकुल



CamScanner

अद्यावधिक र ती समितिहरुको क्षमता विकास तालिमका पहिलो प्राथमिकता पर्दछ। यस बाहेक निम्न अनुसारका प्राथकिता तोकिनु आवश्यक देखिन्छ।

**तालिका ९: क्षमता विकास कार्यक्रमका प्राथमिकताहरु (समिति, उपसमिति पदाधिकारीस्तर)**

| क्र.स. | क्षमता विकासका कार्यक्रम |
|---|---|
| १ | न्याय निरुपण सम्वन्धि ज्ञान र सिपको अभिवृद्धि कार्यक्रम। |
| २ | प्रत्येक समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अभिमुखीकरण |
| ३ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण प्रकृया सम्बन्धमा समितिको क्षमता अभिवृद्धि। |
| ४ | योजनाको छनौट तथा तर्जुमा, बजेट तथा कार्यकमको प्राथमिकीकरण गर्ने, श्रोतको पहिचान र आँकलन गर्ने ज्ञान र सिप विकासका कार्यक्रमहरु। |
| ५ | आन्तरिक आयको बार्षिक प्रक्षेपण वमोजिम आय बृद्धि गर्न सक्ने सिप र क्षमताको विकास। |
| ६ | कर, करको दायरा, प्रगतिशिल करको अवधारणा सम्वन्धि अभिमुखिकरण/तालिम। |
| ७ | नतिजामा आधारित अनुगमनका सूचक एवं नतिजामा आधारित अनुगमन प्रणाली सम्बन्धी अभिमुखीकरण। |

### ६.२.३ शाखा र वडागत कर्मचारी स्तर

स्थानीय तह जनताको सवै भन्दा नजिकको सरकार भएका कारण नागरिकसँग जोडिएका अधिकांश कामहरु गाउँपालिकाबाट गर्नु पर्ने हुन्छ। योजना संचालन, अनुगमन, मुल्याँकन, फरफारकका अतिरिक्त सिफारिस, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता, विपद् व्यवस्थापन, कृषि, पशु, जनस्वास्थ्य सम्बन्धी सेवाहरु, बैठक संयोजन, सभा सञ्चालन लगायत आकस्मिक सेवाका कार्यहरु समेत कर्मचारीहरुले गर्नु पर्ने हुन्छ। यसकारण यी सवै प्रकारका सेवा प्रवाहका लागि



CamScanner

कार्यरत कर्मचारीहरुको समयानुकूल क्षमता विकास हुनु आवश्यक छ । यसर्थ यस गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त र व्यवस्थित वनाउन तपसिल वमोजिमका प्राथमिकताका क्षेत्रहरु पहिचान तथा सिफारिश गरिएका छन् ।

**तालिका १०: क्षमता विकास कार्यक्रमका प्राथमिकताहरु (कर्मचारीस्तर)**

| क्र.स. | क्षमता विकासका कार्यक्रम |
|---|---|
| १ | आर्थिक प्रशासन तथा आन्तरिक नियन्त्रण सम्वन्धि अभिमुखिकरण । |
| २ | आवधिक योजना , क्षेत्रगत रणनीतिक योजना तर्जुमा तथा कार्यान्वयन सम्वन्धी अभिमुखीकरण |
| ३ | मध्यकालिन खर्च संरचना सम्बन्धी प्रशिक्षण । |
| ४ | बेरुजु फछ्र्योट सम्बन्धी उत्प्रेरणात्मक प्रशिक्षण र कार्य योजना । |
| ५ | सरसफाई र गुणस्तरीय कार्य सम्वन्धी चेतानमूलक अभिमुखीकरण कार्यक्रम । |
| ६ | सार्वजनिक नीजि साझेदारी नीतिको तयारी र कार्यान्वयन सम्वन्धि अभिमुखिकरण । |
| ७ | बालमैत्रि स्थानीय सरकार निर्माणको लागि अभिमखिकरण । |
| ८ | अतिरिक्त शैक्षिक कियाकलापको संचालन सम्वन्धी अभिमुखीकरण कार्यक्रम । |
| ९ | सार्वजनिक खरिद सम्बन्धी आधारभूत्त तालीम । |
| १० | अनुगमन तथा मुल्यांकन सम्बन्धि ज्ञान र सीप विकास तालीम |
| ११ | सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षणको विधि र प्रकृया निर्धारण । |
| १२ | कार्यसम्पादन पद्धतिबारे ज्ञान र सिप विकास तालिम । |
| १३ | प्रांगारिक खेती तथा मल बनाउने सम्बन्धी सीपमुलक तालिम । |
| १४ | संघ, प्रदेश र अन्तर स्थानीय निकायवीच समन्वय सहकार्य सम्बन्धी कानून तर्जुमा । |



CamScanner

परिच्छेद : सात

# कार्यान्वयन तथा क्षमता तालिका

## ७.१ क्षमता विकास योजना कार्यान्वयन जिम्मेवारी तथा समयतालिका

गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा सम्वन्धी दिग्दर्शनको बुंदा नं. ६ मा व्यवस्था भए बमोजिम क्षमता विकास योजना प्रक्रियाको नेतृत्व तथा क्षमता विकास योजनाको कार्यान्वयनमा सहजीकरण गर्नका लागि गाउँपालिकाको क्षमता विकाससँग सम्बन्धित सम्पूर्ण पक्षहरूको समावेशी सहभागिता सुनिश्चित गरी कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा पाँच सदस्यीय क्षमता विकास समन्वय समिति गठन गरिनेछ । उक्त समितिको सदस्य–सचिवमा मानव संशाधन विकास वा कर्मचारी प्रशासन हेर्ने शाखा प्रमुखलाई तोकिने छ । क्षमता विकास योजना कार्यान्वयनको जिम्मेवारी मुख्यरुपमा यही समितिले गर्नेछ । यो समितिको कार्य निम्न वमोजिमको हुनेछ ।

- ♣ संस्थागत तथा मानव संशाधन क्षमता विकास योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- ♣ क्षमता विकास सम्वन्धी नीति तथा रणनीतिहरू तर्जुमा गरी कार्यपालिका मार्फत् सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने ।
- ♣ क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने,
- ♣ क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,

- स्थानीय सरकारको क्षेत्रभित्र सञ्चालन हुने क्षमता विकासका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने,
- समितिले सूचकमा आधारित भई क्षमता विकास कार्यक्रमकोअनुगमन गर्ने,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनुगमन र समीक्षा गर्ने
- क्षमता विकास सम्वन्धमा अन्य सहयोगी निकायहरूबीच समन्वय गर्ने,
- क्षमता विकास सम्वन्धी अध्ययन, अन्वेषण गर्ने गराउने,
- क्षमता विकास सम्वन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

क्षमता विकासका गतिविधिहरुको कार्यान्वयनको जिम्मेवारीलाई निम्न बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ११ : क्षमता विकासका गतिविधिहरुको कार्यान्वयनको जिम्मेवारी तालिका**

| कार्यान्वयन चरण | योजना कार्यान्वयन गतिबिधि | मुख्य जिम्मेवार |
|---|---|---|
| **चरण १: योजना स्वीकृती र बजेट सुनिश्चितता** | | |
| १.१ | क्षमता विकास योजना कार्यपालिका मार्फत् गाउँसभाबाट पारित गराउने | क्षमता विकास समन्वय समिति र प्रमुख प्रसाशकीय अधिकृत |
| १.२ | योजना कार्यान्वयनका लागि आन्तरिक स्रोतको वजेट सुनिश्चित गर्ने । | क्षमता विकास समन्वय समिति र प्रमुख प्रसाशकीय अधिकृत |
| १.३ | वाह्य सहयोगका खोजी, स्रोत पहिचान र सुनिश्चित गने | क्षमता विकास समन्वय समिति र प्रमुख प्रसाशकीय अधिकृत |
| **चरण २: सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचन, लागत र कार्य संभौता** | | |
| २.१ | क्षमता विकास सम्वन्धमा विभिन्न | क्षमता विकास समन्वय |

| | | |
|---|---|---|
| | सहयोगी निकायहरूबीच समन्वय गर्ने । | समिति र प्रशासन शाखा प्रमुख |
| २.२ | मानव संसाधनको ज्ञान तथा सीप विकासका लागि स्रोत व्यक्ति तथा संस्थाको पहिचान । | क्षमता विकास समन्वय समिति र प्रशासन शाखा प्रमुख |
| २.३ | संस्थागत तथा मानव संसाधन विकासलाई निश्चित गरिएका गतिविधिहरुका लागि आवश्यक पर्ने लागत तयारी | क्षमता विकास समन्वय समिति र प्रशासन शाखा प्रमुख |
| २.४ | संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोत व्यक्ति वा संस्था सँग कार्य संझौता | क्षमता विकास समन्वय समिति र प्रशासन शाखा प्रमुख |
| **चरण ३: क्षमता विकास योजना कार्यान्वयन चरण** | | |
| ३.१ | थप मानव संसाधन व्यवस्थापनको लागि नीति नियम र दरवन्दी मातहतमा रहेर भर्ना प्रकृया पुरा गर्ने । | प्रमुख प्रशासकिय अधिकृत |
| ३.२ | संस्थागत संरचना भित्रको तथा समुदाय स्तरको मानव संसाधनको क्षमता विकासको हकमा अवश्यक स्थान तथा सामाग्री व्यवस्थापन । | प्रमुख प्रशासकिय अधिकृत |
| ३.३ | तालिम, गोष्ठि, सेमिनार वा अन्य सीप विकास तालिम संचालनमा | अध्यक्ष/ प्रशासकिय अधिकृत |



CamScanner

| | | |
|---|---|---|
| | सहजिकरण । | |
| ३.४ | संस्थागत संरचनामा सुधारका कार्यहरु सम्पन्न गर्ने । | प्रमुख प्रशासकिय अधिकृत |
| **चरण ४: अनुगमन, अध्ययन तथा अध्यावधिक** | | |
| ४.१ | क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समिक्षा गर्ने । | क्षमता विकास समन्वय समिति |
| ४.२ | क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउन | क्षमता विकास समन्वय समिति |
| ४.३ | क्षमता विकास बाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुसाशनमा आएको सुधार बारे अध्ययन गराउँने । | क्षमता विकास समन्वय समिति |

## ७.२ क्षमता विकास योजना कार्यान्वयनको कार्ययोजना

- ♣ **गाउँपालिकाबाट योजनाको समित्व ग्रहण:** यो क्षमता विकास योजना गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारीहरुको सहभागितामा तयार भएको हुदा यसको स्वामित्व गाउँपालिकाले ग्रहण गर्दछ ।
- ♣ **क्षमता विकास योजना कार्यान्वयनका लागि कार्यविधि तयारी:** यो योजना कार्यन्वयनका लागि आवश्यक परे छुट्टै कार्यविधि समेत बनाउन सकिनेछ ।
- ♣ **बजेट सुनिश्चित गर्ने:** यो योजना कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्न गाउँपालिकाले गाउँसभाबाट वार्षिक चालु खर्चबाट क्षमता विकास

योजनामा योजना गरिएका क्षमता अभिवृद्धीका कार्यक्रम कार्यान्व्यनका लागि बजेट विनियोजन गर्ने छ

- **निर्वाचत पदाधिकारीलाई अनिवार्य अनुशिक्षण:** नयाँ निर्वाचन पछि बहाल निर्वाचित प्रतिनिधिहरुलाई गाउँपालिकाका एकल तथा साझा अधिकारहरु, तिनिहरुको प्रयोग, संघीय कानुनले प्रदान गरेका कार्यहरु र ऐन नियम र प्रतिनिधिहरुका कार्य जिम्मेवारीवारे निर्वाचन लगतै अनुशिक्षण प्रदान गरिने छ।

- **सम्पर्क व्यक्तिको व्यवस्था:** क्षमता विकास योजना समन्वय समितिको व्यवस्था गरिएको छ र योजनामा अतिरिक्त व्यक्तिहरुलाई पनि जिम्मेवारी दिईएको छ। तथापी योजनाको संवेदनशिलतालाई ध्यानमा राखी यसका समग्र प्रशासनिक जटिलताहरुको व्यवस्थापन, कार्य योजना अनुसारका कार्यहरु चलायमान वनाउन र भएका कार्यहरुको दस्तावेज सहितको व्यवस्था तथा योजना कार्यान्वयनको अनुगमन, मूल्याँकलन तथा प्रतिवेदनको व्यवस्थापनका लागि वरिष्ठ कर्मचारी मध्ये कसै एकलाई सम्पर्क व्यक्तिका रुपमा कार्य तोकिने छ।

- **संस्थागत संरचनामा सुधार:** संस्थागत क्षमता भनेका संस्थाको भौतिक स्रोत साधन, ऐन, नियम, विधि तथा प्रणाली, आवश्यक मात्रामा मानव संसाधन व्यवस्था र मानव संसाधनको क्षमता विकास पर्न जाने हुँदा यो क्षमता विकास योजना तयार गर्दा माथि भनिएझै सर्वप्रथम संस्थागत संरचनाको सुधार गर्न प्राथमिकता दिईने छ।

- **मानव संशाधनको विकास:** संस्थागत संचरना जतिसुकै चुस्त भए पनि यदि त्यसको उपयोग गर्ने क्षमता संस्थागत संरचना भित्र भएन भने विकास व्यवस्थापन, सेवा प्रवाह र सुशासनमा असर पर्दछ। तसर्थ क्षमता विकासको

दोस्रो प्राथमिकता स्वरुप मानव संसाधनको विकासलाई अगाडी बढाईने छ। अर्थात संस्थागत स्रोत विकास र मानव संसाधन विकास संग संगै लगिने छ।

- **<u>सेवा बजारहरुको व्यापकिकरण अथवा क्षमता उपयोगको दायरा बिस्तारः</u>** संस्थागत क्षमता विकास लाई व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि गर्ने उपाय भनिन्छ। तसर्थ पालिकाले आफ्ना सेवाहरु पालिका भित्रका मानव स्रोत संग मात्र भर पर्दा सेवा प्रवाहको दायरा सीमित भै जनताका आवश्यक न्युनतम सेवाहरुमा संकुचन आउँछ। तसर्थ यो क्षमता विकास योजना कार्यान्वयन गर्दा पालिका भित्रका नेतृत्व तह तथा कर्मचारी मात्र नभै जनता लाई आवश्यक परेका हरेक सेवाहरुका लागी स्थानीय सरोकारवालाहरु वा निजि क्षेत्र तथा समुदायलाई समेत समेटिने छ। त्यसैले समुदाय स्तरका सेवा समुदाय स्तर बाटै भन्ने मूल्य र मान्यता लाई अंगालिने छ। कतिपय समुदाय स्तरमा घर दैलोमा नै सेवा प्रवाह जरुरी पर्दछ जस्तो खानेपानीको मर्मत संभार कार्यकर्ता, पशु सेवा कार्यकर्ता, कृषि सेवा कार्यकर्ता, कृषि तथा पशु बिमा सहजकर्ता आदि। यस्ता सेवाहरु केवल पालिकामा रहेका सीमित जनशक्ति माथि भर पर्नुपर्दा सेवामा चुस्तता आउँदैन। तसर्थ यो क्षमता विकास योजना कार्यान्वयन गर्दा समुदायस्तरका सेवा समुदाय बाटै भन्ने मान्यतालाई कार्यान्वयनमा ल्याईने छ।



CamScanner

## परिच्छेद :आठ

## अनुगमन तथा मूल्यांकन विधि

### ८.१ क्षमता विकास योजना कार्यान्वयनको अनुगमन तथा मूल्याँकन

स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रही क्षमता विकास योजनको अनुगमन र मुल्याँकन गरिनेछ । यो क्षमता विकास योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य तथा आयोजनाबाट हुनु पर्ने विकास प्रयास र सेवा प्रवाहमा भएको परिवर्तन मापन र अपक्षित नतिजा प्राप्त भए नभएको बारे निम्न अनुसार अनुगमन तथा मूल्याँकन गरिनेछ :

#### ८.१.१ नियमित अनुगमनः

क्षमता विकास योजनाको कार्यान्वयन चरणमा नियमित अनुगमन गरिनेछ । कार्यान्वयन चरणमा योजनाका गतिविधिहरुको लागत, परिमाण, समय सीमा तथा गुणस्तर लगायतका कुराहरु अतिरिक्त कार्यान्वयन चरणमा आई परेका समस्या तथा संभावित विकल्पहरु समेतको पहिचान गरी गाउँ कार्यपालिकालाई पृष्ठपोषण दिइनेछ । यो अनुगमनको जिम्मेवारी गाउँपालिकाको मौजुदा अनुगमन तथा सुपरिवेक्षण समिति र क्षमता विकास योजना समन्वय समितिको सहकार्यमा हुनेछ । क्षमता विकास योजना कार्यान्वयनको अनुगमन तथा सुपरिवेक्षण निम्न अनुसार गरिनेछ ।

- योजनाको प्रत्येक वर्षको कार्यक्रम स्वीकृत भएपछि कार्यान्वयनका लागि सम्वन्धित शाखाहरुबाट कार्यपालिकामा पेश भएको एकिकृत कार्य योजनाका

आधारमा अनुगमन तथा सुपरिवेक्षण समितिलेवार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्ने छ ।

- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको अनुगमन प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिका बैठकमा पेश गरी छलफल गरिनेछ ।
- यसरी गाउ कार्यपालिकामा पेश भएर छलफल गर्दा योजना कार्यान्वयनमा कुनैत्रुटिहरु पाइएमा उक्त त्रुटीहरुलाई सच्याउँन तथा समय व्यवस्थापन र गुणस्तर कायम राख्न सम्वन्धित पक्षहरुलाई आवश्य निर्देशन दिईनेछ र यो निर्देशनको पालना गर्नु सवैकोकर्तव्य हुँनेछ ।

### ८.१.२.मध्यावधिक समिक्षा :

यो क्षमता विकास योजनाले लिएको गति तथा समग्र कार्यान्वयनको अवस्थाको समिक्षा गाउँपालिकाले आन्तरिक तरिकाले योजना सुरु भएको दोस्रो वर्षको सुरुमा क्षमता विकास योजना समन्वय समिति समेतको सहभागितामा संयुक्त कार्यदलवाट गराईने छ । यो समिक्षावाट ३ वर्षमा सम्पन्न गर्नु पर्ने कार्यहरुको गति मापन गरी आवश्यक परे क्षमता विकास योजनाको लक्ष्यहरुको समिक्षा गरी थप वा घट गरी योजनाको नयाँ प्रारुप पनि तयार गर्न सकिनेछ ।

### ८.१.३ आयोजना कार्यन्वयन समाप्ति पछिको मूल्याङ्कन

यो क्षमता विकास योजनाले तय गरेका लक्ष्यहरु, स्रोत साधनको उपयोग, प्रभावकारिता, पारदर्शिता, योजनको कार्यन्वयनबाट देखिएका नतिजाहरु तथा तिनिहरुको दिगोपनाको बारेमा यो योजनाको कार्य समाप्ति लगत्तै तेस्रो पक्षवाट मूल्याँकन गराईनेछ र यसका सिकाईहरुलाई आगामी योजनाहरुमा कार्यान्वयनमा ल्याईनेछ ।

### ८.१.४ प्रभाव मूल्यांकन

यो क्षमता विकास योजनाले समाज तथा समग्र गाउँपालिकामा पारेको प्रभाव बारेमा योजना कार्यन्वयन समाप्तिको वर्ष तेस्रो पक्षबाट प्रभाव मूल्याँकन गराईनेछ ।

## ८.२ कार्ययोजना कार्यन्वयनबाट प्राप्त हुने प्रतिफल

क्षमता विकास योजना कार्यान्वयन पश्चात गाउँपालिकाबाट संचालन हुने सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि एवं प्रणालीको प्रयोग एवं अनुशरण भई नतिजामुखी प्रशासन संचालन भएको हुनेछ र यसबाबट नागरिकहरुको सन्तुष्टि स्तरमा वृद्धि हुदै जानेछ भने सेवा प्रदायक र सेवाग्राही वीचको सम्वन्ध सुधारमा समेत यसले महत्वपूर्ण भुमिका खेल्नेछ । नागरिकका गुनासाहरु सम्वोधन गर्न सेवालाई सवलीकरण र स्तरीकरण गर्न संस्थागत क्षमता र मानव संसधनको क्षमतामा विकास गरि एउटा सक्षम स्थानीय तहको रुपमा विकास गर्न यस क्षमता विकास योजनाले भुमिका खेल्नेछ ।

**तलिका नं. १२ क्षमता विकास योजनाको भुमिका**

| मानव संशाधन विकास | संस्थागत क्षमता विकास र विधि | प्रणालीगत विकास |
|---|---|---|
| • सवै पदाधिकारीहरु स्थानीय तहको काम कर्तव्य र अधिकारबारे जानकार भई सेवा प्रवाहमा प्रभावकारी आएको हुनेछ । <br>• पारदर्शिता र सुशासन कायम गर्न मदत पुग्नेछ | • स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ वमोजिम स्वमुल्यांकनको नतिजामा सुधार भएको हुनेछ । | • एकल अधिकार क्षेत्रभित्रका बनाउन बाँकी कानूनहरु तर्जुमा भई कार्यान्वयनमा आउनेछन्। स्थानीय सरकार संचालन ऐनले परिकल्पना गरे वमोजिमका |



CamScanner

| | | |
|---|---|---|
| • कर्मचारी र जनप्रतिनिधी विच सहकार्य र समन्वयमा वृद्धि भई सेवा प्रवाह चुस्त दुरुस्त हुनेछ ।<br>• जनप्रतिनीधिहरुको नेतृत्व क्षमता ता दक्षता वृद्धि भएको हुनेछ<br>• सवै जनप्रतिनिधी स्थानीय सरकार संचालन ऐनका प्रावधानबारे जानकार हुनेछन ।<br>• नयां तथा पुराना सवै कर्मचारीहरुले सेवा प्रवेश तथा सेवाकालिन तालिम पाएका हुनेछन । | • सेवाग्राहीमुखी पूर्वाधारको विकासले जनमुखी सेवा प्रवाहमा टेवा पुग्नेछ ।<br>• संघियताको आधार स्तम्भका रुपमा रहेको स्थानीय तह सवल र सक्षम हुनेछ ।<br>• आवश्यक ज्ञान, शीप तथा अवधारणामा वृद्धि भएको हुनेछ ।<br>• विभिन्न क्षेत्रको अवलोकन तथा सिकाई भ्रमण हुनेछ जसले सेवा प्रवाहमा प्रभावकारिता ल्याउनेछ | विषयगत समिति तथा उप समितिहरु गठन भई सकृय भएका हुनेछन<br>• हरेक तहको निर्णय प्रकृयामा समानुपातिक सहभागिता अभिवृद्धि भएको हुनेछ<br>• समन्वय र सहकार्यको भावनामा वृद्धि हुनेछ<br>• सवै विषयगत समिति तथा उप समितिहरु आ आफ्नो काम कर्तव्य र अधिकार वारे तालिम प्राप्त हुनेछन<br>• सवै विषयगत क्षेत्रको संतुलित विकास तथा योजना तर्जुमामा सकारात्मक प्रभाव पर्नेछ । |

## सन्दर्भ सामग्रीहरु


संविधान २०७२ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ।

स्थानीय तहको क्षमता विकास दिग्दर्शन, २०७६ ।

४. मुड्केचुला गाउँपालिकाको वार्षिक योजनाहरु (आ.व. २०७७/०७८, २०७८/०७९ र ०७९/०८०, ०८०/०८१)

५. स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाडौं ।

६ मुड्केचुला गाउँपालिकाको आ.व. ०८१।०८२ को संस्थागत क्षमता स्वमुल्यांकनको सुचकगत नतिजा र पुष्ट्याईका आधारहरु ।

७ मुड्केचुला गाउँपालिकाको कर्मचारी दरवन्दि तेरिज ।

८ मुड्केचुला गाउँपालिका राजपत्रहरुको सूचि, ०७४ देखि२०८०सम्म ।

९ मुड्केचुला गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदन, लगायत गाउँपालिकाबाट प्राप्त अन्य दस्तावेजहरु

१०. गाउँपालिकाको स्थलगत भ्रमण छलफल तथा कार्याशालको टिपोट, २०७९ ।




CamScanner